# तमानखोला गाउँपालिकाको स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण कार्यविधि,२०८१

## १. परिचय

नेपालको संविधानले “प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित गरिने छैन” र “प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने छ” भनी स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हकभित्र समावेश गरेको छ। मुलुकमा लोकतन्त्रको बहालीसँगै आमजनताले राज्यसँग गर्ने अपेक्षा अत्यधिक मात्रामा बृद्धि हुनुका साथै नागरिकको चेतनास्तरमा भएको विकासका कारण सार्वजनिक सेवाप्रवाहलाई नागरिकको हित अनुकूल जवाफदेही बनाउनुपर्ने आवश्यकता देखिन्छ। लोकतान्त्रिक शासन पद्धतिले नागरिकको सार्वजनिक सेवाप्रतिको चासो र जनस्तर बाट गरिने यसको अनुगमनलाई थप प्रभावकारी बनाउन बल पुऱ्याएको छ।

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६३ तथा नियमावली २०६४, सूचनाको हक सम्बन्धी ऐन, २०६३, स्वास्थ्य क्षेत्रका नीति तथा रणनीति, जनस्वास्थ्य ऐन २०७५, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी ऐन, २०७५, स्थानीय सरकार संचालन ऐन, २०७४, स्वास्थ्य संस्थाका लागि निर्धारित न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा नेपालको संविधानको अनुसूचीमा उल्लेख भए अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकार सूची बमोजिम गाउँपालिकामा सञ्चालन हुने स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा सेवाप्रवाहलाई सहभागिता मूलक एवम् योजनाबद्ध तबरले लेखाजोखा र परीक्षण गर्ने कार्यलाई व्यवस्थित गर्नका लागि यो कार्यविधि तयार गरिएको हो।

## २. प्रस्तावना

नेपालको संविधानले जनताको मौलिक हकको रूपमा स्थापित गरेको आधारभूत तथा आकम्मिक स्वास्थ्य सेवाको हकलाई साकार बनाउन, स्वास्थ्य सेवामा आमजनताको पहुँच अभिबृद्धि गर्न तथा स्वास्थ्य सेवाको प्रवाहसम्बन्धी जिम्मेवारीलाई जवाफदेही तरिकाले पूरा गर्ने व्यवस्था सुनिश्चित गर्ने उद्देश्यले तमानखोला गाउँ कार्यपालिकाको मिति २०८१।११।१३ गतेको निर्णयानुसार तमानखोला गाउँपालिकाको स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण कार्यविधि,२०८१ जारी गरिएको छ।

## ३. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम “तमानखोला गाउँपालिकाको स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण कार्यविधि,२०८१” रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मिति देखि लागु हुनेछ।

## ४. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि,

(क) **“सामाजिक जवाफदेहिता”** भन्नाले आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिक अधिकारको उपयोग नागरिकबाटै गराउने र सरकारले नागरिकको उच्चतम् हित हासिल हुने गरी सक्षम र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने दायित्वलाई सम्झनु पर्दछ।

(ख) **“सामाजिक परीक्षण”** भन्नाले सेवाप्रदायक संस्थाको नीति, नियम, कार्यक्रम कार्यान्वयन, व्यवहार , स्रोत परिचालन, सेवा प्रवाहको अवस्था, सेवाको गुणस्तर , पारदर्शिता र प्रभावकारिता बारे सम्बन्धित सेवाग्राही, सेवाप्रदायक/व्यवस्थापक पक्ष तथा सो क्षेत्रका सरोकारवालाहरूका धारणाका आधारमा गरिने विश्लेषणात्मक लेखाजोखालाई बुझाउँछ। यस प्रक्रियामा सेवा प्रदान गर्ने क्रममा प्राप्त उपलब्धि तथा सुधारात्मक पक्षहरूलाई तेस्रो पक्षद्वारा सार्वजनिक गरी जिम्मेवारी सहितको सुधार कार्ययो जना तयार गरिने छ।

(ग) **“स्वास्थ्य संस्थामा सामाजिक परीक्षण”** भन्नाले , स्वास्थ्य सेवाप्रदायक संस्थाको नीति, कानुन, पद्धति, कार्यक्रम कार्यान्वयन, व्यवहार , स्रोत परिचालन, आदिको नियमितता, पारदर्शिता र प्रभावकारिता बारे सेवाग्राही, सेवा प्रदायक र सरोकारवालाहरू सबैको धारणाका आधारमा गरिने विश्लेषणात्मक लेखाजोखालाई बुझाउँछ।

(घ) **“सार्वजनिक परीक्षण”** भन्नाले कुनै निश्चित कार्यक्रम वा परि योजना सम्पन्न भएपछि कार्यान्वयनमा जिम्मेवार समिति वा अधिकारीले उक्त कार्यक्रम वा परियोजनाबाट प्रभावित जनसमुदायलाई सार्वजनिक स्थानमा भेला गराएर कार्यक्रम तथा खर्चको सार्वजनिकीकरण गरी त्यस उपर उपस्थित जनताको राय तथा प्रतिक्रिया लिई कार्ययोजना समेत तयार गर्ने कार्यलाई बुझाउँछ।

(ङ) **“सार्वजनिक सुनुवाई”** भन्नाले सेवाग्राही र सेवाप्रदायक बीच हुने अन्तरक्रियात्मक सवाल जवाफको प्रक्रिया सम्झनु पर्दछ। यस

प्रक्रियामा स्थानीय जनताले कार्यक्रम वा परियोजनाको कार्यान्वयन एवम् स्वास्थ्य सेवा उपभोग गर्ने क्रममा आइपरेका समस्याबारे सेवाप्रदायक अधिकारीसमक्ष खुले र समस्या राख्ने छन् । साथै , त्यसको छिटो एवम् प्रभावकारी समाधान खोज्नका लागि सम्बन्धित सेवाग्राही र सेवाप्रदायक अधिकारी एकै थलोमा भेला भएर प्रत्यक्ष सवाल जवाफ गर्ने र सम्बन्धित सरोकारवालाहरूले सुधारका लागि प्रतिवद्धता व्यक्त गर्ने प्रक्रिया नै सार्वजनिक सुनुवाई हो ।

(च) **"सुशासन समिति"** भन्नाले तमानखोला गाउँपालिका गाउँ कार्यपालिकाको सुशासन समिति सम्झनु पर्दछ ।

(छ) **"स्वास्थ्य संस्था"** भन्नाले तमानखोला गाउँपालिका भित्र सन्चालित अस्पताल लगायत, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य एकाइ र प्राथमिक उपचार तथा परामर्श केन्द्रलाई जनाउँने छ ।

(ज) **"स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति"** भन्नाले स्वास्थ्य संस्थाहरूको समग्र व्यवस्थापन तथा सन्चालनका लागि गाउँपालिकाबाट विधिवत गठन गरिएको समितिलाई जनाउँने छ ।

(झ) **"सामाजिक परीक्षक संस्था"** भन्नाले सामाजिक परीक्षण कार्यमा सहजीकरणका लागि तोकिए बमोजिमको भूमिका निर्वाह गर्ने गरी पालिकाले छनोट गरेको सामाजिक परीक्षण गर्न अनुमति प्राप्त गैर सरकारी सामाजिक संस्थालाई जनाउँने छ ।

(ञ) **"सामाजिक परीक्षक"** भन्नाले सामाजिक परीक्षकको रूपमा छनोट भएको संस्थाबाट तोकिएको योग्यता पुगी नियुक्त भएको व्यक्तिलाई जनाउँनेछ । यस्ता व्यक्तिले स्वास्थ्य संस्था तहमा सामाजिक परीक्षण प्रक्रियाहरूलाई तोकिएको आधार र स्तर अनुसार कार्यान्वयन र सहजीकरण गर्नेछन् ।

(ट) **"बन्चित समूह"** भन्नाले आर्थिक हैसियत, जातजाति, लैङ्गिकता, अपाङ्गता एवम् भौगोलिकताका आधारमा विभेदपूर्ण व्यवहारमा परेका र स्वास्थ्य सेवाबाट बन्चितीमा परेका समूहलाई जनाउँछ । विकास प्रक्रियाको मूलप्रवाह र स्वास्थ्य सेवाप्रवाहमा समावेश हुन नसकेका र नभएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, तेस्रो लिङ्गी, अतिदुर्गम ⁄ विकट क्षेत्रमा बसोबास गर्ने नागरिकलाई बन्चितिमा परेका समूहको रूपमा लिनुपर्नेछ ।

## ५. सामाजिक परीक्षणका आधारभूत निर्देशक सिद्धान्त

सुशासनका आधारभूत पक्षहरूलाई समेटेर आमनागरिकलाई आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा जवाफदेही तरिकाले प्रदान गर्नुपर्दछ भन्ने मान्यतामा सामाजिक परीक्षणका विधि र प्रक्रियाहरू निर्धारण गरिनेछन् । सामाजिक परीक्षण गर्दा सबै प्रक्रियाहरूमा निम्नलिखित निर्देशक सिद्धान्तहरू अवलम्बन गरिनेछन्:

### (क) बहुपक्षीय

प्रक्रियागत रूपमा सेवाग्राही, सेवाप्रदायक र अन्य सरोकारवालाहरूको विचार, सुझाव, पृष्ठपोषण, स्वास्थ्य सेवाको सराहना र त्यसप्रतिका गुनासाहरूलाई सामाजिक परीक्षण प्रक्रियाले पूर्णरूपमा समेट्नुपर्ने छ । यस क्रममा प्रत्येक सेवाग्राहीले र त्यसमा पनि विशेषगरी महिला एवम् बन्चितिमा परेका वर्गले आफ्ना विचार, मूल्यांकन तथा सुझावलाई निर्भिक भई प्रकट गर्न सक्ने गरी सामाजिक परीक्षणका प्रक्रिया र विधिहरू तयार गरिने छ र आवश्यकता अनुसार सहजीकरण एवम् सशक्तीकरण गरिने छ ।

### (ख) बहुसरोकारमा आधारित र सहभागिता मूलक

अतिविपन्न वर्ग, महिला एवम् बन्चितिमा परेका समूहलगायत अन्य सेवाग्राही, स्वास्थ्य सेवाप्रदायक र स्वास्थ्य सेवासँग सम्बन्धित सबै सरोकारवालाहरूको सक्रिय संलग्नता, स्वामित्व, योगदान तथा जिम्मेवारीको भावना सामाजिक परीक्षणको समग्र प्रक्रियामा सुनिश्चित गरिने छ । सामाजिक परीक्षणले स्थानीय तहमा लोकतान्त्रिक अभ्यास सम्बर्द्धन एवम् समुदायको सशक्तीकरणमा महत्वपूर्ण यो गदान पुऱ्याउँछ ।

### (ग) नियमितता

स्थानीय तहका स्वास्थ्य संस्थामा पहिलो पटक सामाजिक परीक्षण सुरु भइसके पछि यो पद्धतिलाई तत्पश्चातका अवधिमा समेत निरन्तरता दिइने छ ।

### (घ) पारदर्शिता र जवाफदेहिता

स्वास्थ्य संस्थाको प्रत्येक क्रियाकलापमा पारदर्शिता एवम् जवाफदेहिता सुनिश्चित गर्नका लागि सम्बन्धित स्वास्थ्य संस्थाबाट प्रदान गरि नुपर्ने स्वास्थ्य सेवाहरू, सन्चालन गरिएका परियोजना वा कार्यक्रमको कार्यान्वयन, स्रोत परिचालनको स्थिति, तिनका प्रक्रिया र सेवाको प्रभावकारिताका सम्बन्धमा समुदायका गुनासा, सुझाव र पृष्ठपोषणलाई सरोकारवाला, स्वास्थ्य संस्था र समुदायबीच सार्वजनिक गरी पद्धति र व्यवहारमा सुधारका लागि सम्बन्धित सबैको प्रतिवद्धता समेत सुनिश्चित गरिने छ ।

## ६. स्वास्थ्य सेवामा सामाजिक परीक्षणको उद्देश्य

स्वास्थ्य क्षेत्रमा सामाजिक परीक्षण गर्नुको मुख्य उद्देश्य स्वास्थ्य संस्थाहरूलाई आमनागरिक विशेष गरी महिला, गरीब, जोखिममा रहेका, पिछडिएका एवम् बन्चितिमा परेका समुदाय तथा दुर्गम क्षेत्रका नागरिक प्रति उत्तरदायी र सम्वेदनशील भई उनीहरूको चासो , आवश्यकता र हितप्रति सम्वेदनशील र जवाफदेही बनाउनु रहेको छ । यो प्रक्रियाका निश्चित उद्देश्यहरू निम्नानुसार रहेका छन्:

(क) स्वास्थ्य क्षेत्रबाट प्रदान गरिने विभिन्न सेवाहरू र स्वास्थ्य सम्बन्धी सामुदायिक क्रियाकलापहरूका बारेमा समुदायलाई जानकारी गराई पारदर्शिता कायम गर्ने ।

(ख) आमनागरिक (महिला, अतिविपन्न, पिछडिएका एवम् बन्चित समुदायसमेत) को प्रत्यक्ष र सक्रीय सहभागिताका आधारमा स्वास्थ्य सेवा प्रति उनीहरूको अधिकार, जिम्मेवारी र अपनत्वको भावना विकास गर्ने ।

(ग) स्थानीय तहका स्वास्थ्य सेवाप्रदायक निकायहरूलाई आमनागरिक विशेष गरी महिला, अतिविपन्न, जोखिममा रहेका, पिछडिएका, बन्चित एवम् दुर्गम क्षेत्रमा बसोबास गर्ने समुदायप्रति जवाफदेही बनाई स्वास्थ्य सेवाका अपेक्षित उपलब्धिहरू हासिल गर्ने कार्यमा योगदान पुऱ्याउने ।

(घ) आमनागरिक र स्वास्थ्य संस्थाहरू बीच खुल्ला रूपमा सही सूचना आदान-प्रदान, छलफल र नियमित संवाद गर्ने परिपाटीको विकास गर्ने ।

(ङ) सामाजिक परीक्षणका माध्यमबाट स्वास्थ्य सम्बन्धी परियोजना र कार्यक्रमको कार्यान्वयन र स्वास्थ्य सेवा प्रवाहमा निरन्तर सुधारका लागि मार्ग प्रशस्त गर्ने ।

## ७. सामाजिक परीक्षणको कार्यक्षेत्र

सामाजिक परीक्षणको कार्यक्षेत्र निम्नानुसार हुनेछ :

(क) यस कार्यविधिमा तोकिएका प्रक्रिया अवलम्बन गरी गाउँपालिकाको अस्पताल र सो भन्दा तलका सबै सरकारी र सार्वजनिक स्वास्थ्य संस्थाहरू, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य एकाईको सामाजिक परीक्षण गरिने छ ।

(ख) नेपालको संविधानमा अन्तर निहित नागरिकको स्वास्थ्य अधिकार , स्वास्थ्य क्षेत्रको नीति र रणनीति तथा राष्ट्रिय लक्ष्य र उद्देश्य, नेपाल सरकारको आवधिक योजनामा उल्लिखित स्वास्थ्य सेवा सम्बन्धी विषय, दीगो विकास लक्ष्य २०३०, स्वास्थ्य संस्थाका लागि नेपाल सरकारले जारी गरेको स्वास्थ्य सेवाको न्यूनतम मापदण्डले परि लक्षित गरेका स्वास्थ्य सम्बन्धी लक्ष्य र उद्देश्य पूरा गर्ने तथा गाउँपालिकाको स्वास्थ्य सम्बन्धी लक्ष्य पूरा गर्ने गरी गाउँपालिका अन्तर्गतका सबै सरकारी तथा सार्वजनिक स्वास्थ्य संस्थाहरूमा सामाजिक परीक्षणको कार्य चरणबद्ध रूपमा सञ्चालन गरिने छ । यसका लागि गाउँपालिकाले स्वास्थ्य क्षेत्रको सामाजिक परीक्षण कार्ययोजना तयार गरी स्वीकृत गराउनु पर्नेछ । यस कार्यमा जिल्ला स्थित स्वास्थ्य कार्यालय, प्रदेश स्थित स्वास्थ्य क्षेत्रका निकाय एवम् स्वास्थ्य सेवा विभाग, उपचारात्मक सेवा महाशाखाबाट प्राविधिक सहयोग तथा सहजीकरण सेवा प्राप्त हुनेछ ।

(ग) गाउँपालिकाका स्वास्थ्य संस्थामा पहिलो बर्ष विस्तृत सामाजिक परीक्षण गरिने र दोस्रो बर्षदेखि प्रत्येक बर्ष संक्षिप्त रूपमा सामाजिक परीक्षण गरिने छ ।

(घ) सामाजिक परीक्षणको समग्र प्रक्रियामा समुदायका बन्चितिमा परेका, प्राकृतिक प्रकोप प्रभावित, पिछडिएका र उत्पीडित, लैङ्गिक तथा सामाजिक विभेदमा परेका समूहको समावेशी सहभागिता  सुनिश्चित गर्नेछ।

५. योग्यता, व्यावसायिक सक्षमता र संस्थागत क्षमताका आधारमा सामाजिक परीक्षक संस्थाको छनौट र सामाजिक परीक्षकको नियुक्तीको व्यवस्था गरिने छ र यसका लागि योग्यताको परीक्षण र प्रमाणीकरण गर्ने पद्धति अवलम्वन गरिने छ ।

७. गाउँपालिकाबाट गरिने सामाजिक परीक्षणको कार्यलाई तथ्यमा आधारित (Evidence-based) बनाइने छ ।

८. सामाजिक परीक्षण कार्यान्वयन गर्न गाउँपालिकाका पदाधिकारीलाई अगुवाइ भूमिका प्रदान गर्ने र गाउँपालिकाको वडा कार्यालय र स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिको सक्रिय भूमिका र हने व्यवस्था गरिने छ ।

**८. सामाजिक परीक्षणका सहभागीहरू**

सामाजिक परीक्षणका सहभागीहरू विभिन्न चरणहरूमा फरक फरक हुनेछन् । पूर्वतयारी र तयारीका प्रारम्भिक चरणहरूमा गाउँपालिकाको सुशासन समितिको मार्गनिर्देशनमा स्थानीय गाउँपालिकाको स्वास्थ्य शाखा र सामाजिक परीक्षक संस्था, स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति, स्वास्थ्यकर्मीहरू र मुख्य सरोकारवालाको सक्रिय सहभागिता हुनेछ । स्वास्थ्य सेवा सम्बन्धी सूचना सङ्कलन कार्यमा सामाजिक परीक्षकको सहजीकरणमा स्वास्थ्यकर्मी र सेवाग्राही दुबैको सक्रिय सहभागिता हुनेछ ।

यस प्रक्रियाको महत्वपूर्ण चरणका रुपमा स्वास्थ्य संस्थास्तर को बृहत् आमभेला रहेको छ । यस चरणमा स्वास्थ्य सेवासँग प्रत्यक्षरूपमा संलग्न हुने सरोकारवाला लगायत सेवाग्राही, आमनागरिक, आमा समूह, महिला स्वास्थ्य स्वयम् सेविका, सम्वद्ध सरकारी निकायहरू, स्वास्थ्यकर्मीहरू, राजनीतिकर्मी, सामाजिक अगुवाहरू र सञ्चार माध्यमहरू सहभागी हुनेछन् । यी सबै प्रक्रियामा महिला, अतिविपन्न, दलित र बन्चितिमा परेका वर्गको यथेष्ठ सहभागिता सुनिश्चित गर्नु पर्नेछ ।

सामाजिक परीक्षणका विभिन्न चरणहरूमा सहभागी हुनुपर्ने सरोकारवाला निकाय, संस्था एवम् व्यक्तिहरूको विवरण अनुसूची-१ मा उल्लख भए अनुसार हुनेछ ।

**९. सामाजिक परीक्षणका विषयहरू**

स्वास्थ्य सेवाको व्यवस्थापकीय पक्षको परीक्षण गर्नुका साथै विभिन्न सामाजिक पक्षहरूलाई समेट्ने गरी निम्न विषयहरूमा सामाजिक परीक्षण गरिने छः

**(क) अनिवार्य रुपमा सामाजिक परीक्षण गर्नुपर्ने स्वास्थ्य सेवाहरू**

१. **आमा सुरक्षा कार्यक्रमः** निःशुल्क प्रसूति सेवा प्राप्त गर्नेको विवरण र प्रसूति प्रोत्साहन एवम् गर्भवती परीक्षण प्रोत्साहन रकम वितरण गरेको विवरण (प्राप्त गर्ने व्यक्ति, प्राप्त गरेको मिति) ।

२. **निःशुल्क स्वास्थ्य उपचार सेवाः** स्वास्थ्य सेवा प्राप्त गर्नेमध्ये गरिब, महिला, पिछडिएका तथा बन्चितिमा परेका समुदायको सङ्ख्या र सेवाको नियमितता ।

३. **निःशुल्क औषधि वितरणः** निःशुल्क वितरण गरिएका एन्टिबायोटिक लगायत अन्य अत्यावश्यक औषधिहरूको बर्षैभरि नियमित उपलब्धता (औषधिहरूको सूची अनुसूची-२ मा दिइएको छ) ।

४. **एकीकृत नवजात शिशु तथा बालस्वास्थ्य व्यवस्थापनः** सेवा प्राप्त गर्नेको सङ्ख्या र प्रदान गरिएका सेवाहरूको प्रकार जस्तै : झाडा पखाला, पोषण र स्वास-प्रस्वास सम्बन्धी ।

५. **परिवार नियोजन, खोप सेवा र पोषण कार्यक्रमः** सेवा प्रदान गर्नुपर्ने लक्ष्य, हासिल गरेको प्रगति र अघिल्लो आर्थिक बर्षसँगको तुलनात्मक अवस्था, खोप सेवाबाट छुटेका र सेवा प्राप्त गर्न नसकेका जातजाति र भौगोलिक क्षेत्र अनुसारका बालक र बालिकाको सङ्ख्या, आदि सामाजिक परीक्षणमा उल्लेख गरिने छ ।

६. **नसर्ने रोगहरूः** क्यान्सर, मुटुरोग, मधुमेह तथा फोक्सोको दीर्घरोग बारेमा चेतना तथा उपलब्ध सेवा ।

**(ख) गाउँपालिकाले आफ्नो आवस्यकता अनुसार सामाजिक परीक्षणका लागि समावेश गर्न सक्ने सेवा तथा कार्यक्रम**

गाउँपालिकामा सन्चालन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रम वा सेवाको सञ्चालन र व्यवस्थापनको विषयमा आवश्यकता महशुस गरेमा ती कार्यक्रम वा सेवाको समेत सामाजिक परीक्षण गराउन सक्ने छ ।

**(ग) स्वास्थ्य संस्थाको सञ्चालन र ब्यवस्थापनसँग सम्बन्धित विषयहरू**

१. **स्वास्थ्य संस्थाको व्यवस्थापनः** स्वास्थ्य संस्थाको अधिकार र जिम्मेवारी र तिनको प्रयोग, स्वास्थ्य सेवासँग सम्बन्धित पूर्वाधार र उपकरण, स्वास्थ्य जनशक्तिको व्यवस्थापन, स्वास्थ्य संस्था सञ्चालन कार्यविधिको परिपालना, स्रोत र साधनको उपयोग सेवाको गुणस्तर कायम गर्ने पद्धति, समस्या समाधानको प्रयास, आदिको अवस्था ।

२. **स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिमाः** महिला र पिछडिएका जातजातिको समावेशी प्रतिनिधित्वको अवस्था ।

३. **स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिको बैठकः** बर्षभरि भएका बैठकको सङ्ख्या, निर्देशिकाअनुसार बैठकको नियमितता, बैठकमा नियमित उपस्थिति (विशेष गरी महिला, दलित र जनजातिका व्यक्तिहरू) ।

४. **महत्वपूर्ण निर्णयहरू:** अतिविपन्न, महिला, जोखिममा रहेका, पिछडिएका र बन्चितिमा परेका समूहको हितमा भएका निर्णयहरू, गाउँपालिका लगायत वडा र समुदायस्तर मा कार्यरत अन्य सरकारी र गैर सरकारी निकायहरूसँगको समन्वय, स्रोत परिचालन सम्बन्धमा भएका निर्णयहरू, तिनको कार्यान्वयन पक्ष, स्वास्थ्य सेवालाई लैङ्गिक संवेदनशील एवम् समावेशी बनाउन भएगरेका निर्णयहरू र तिनको कार्यान्वयन र उपलब्धिको अवस्था ।

५. **निःशुल्क स्वास्थ्य तथा प्रसूति सेवा लगायत अन्य सेवा वापत सरकारले उपलब्ध गराउने रकमको उपयोगः** गाउँपालिकारले उपलब्ध गराएको रकम र मिति, उक्त र कमको उपयोग गर्ने सम्बन्धमा भएका निर्णयहरू ।

६. **स्वास्थ्य संस्था सञ्चालन हुने समयावधिः** स्थानीय समुदायको आवश्यकता सम्वोधन हुने गरी स्वास्थ्य संस्थाको सञ्चालनको समय र उपयोगिताको विषयका साथै आपतकालीन सेवा सञ्चालन भएका स्वास्थ्य संस्थाको हकमा सो को नियमितता र उपयोगिताको विषय समे त परीक्षणमा समावेश गरिने छ ।

७. **नागरिकको गुनासाहरू सुन्ने परिपाटी:** यस सम्बन्धमा गरिएको व्यवस्था, बर्षभरि प्राप्त गुनासाहरूको प्रकार र सङ्ख्या, सम्बोधन गरिएका गुनासाहरू र सेवामा आएको सुधार , आदि विषय ।

**(घ) स्वास्थ्य सेवाको गुणस्तर**

स्वास्थ्य संस्थाबाट प्राप्त गर्ने सेवाको न्यूनतम गुणस्तरको अवस्थाका सम्बन्धमा समुदायको प्रतिक्रिया मुख्यरूपले निम्न विषयमा केन्द्रित गरिने छः

१. **मानव स्रोत व्यवस्थापनः** स्वास्थ्य संस्थामा भएका कर्मचारीको दरबन्दी, सो अनुसार का स्वास्थ्यकर्मीहरूको उपलब्धता, सेवाग्राहीको अनुपातमा दरवन्दीको पर्याप्तता, स्वास्थ्यकर्मीहरूको स्वास्थ्य संस्थामा नियमित उपस्थितिको अवस्था, समूहभावना र कार्यप्रतिको उत्प्रेरणाको अवस्था ।

यस सम्बन्धी सूचनाहरूको स्रोत समुदायको धारणा र संस्थाको अभिलेख हुनेछ ।

२. **स्वास्थ्यकर्मीहरूको व्यवहार :** यथार्थ अवलोकन, स्वास्थ्यकर्मीहरू, सेवाग्राही एवम् समुदायको धारणा ।

३. **निर्मलीकरणः** औजार एवम् उपकरणको निर्मलीकरण गर्ने व्यवस्था ।

४. **सरसफाईः** स्वास्थ्य संस्था भित्र र बाहिरको सरसफाइ, शौचालय, पानी आदिको उपलब्धता र स्वास्थ्य संस्थाजन्य फोहोरहरूको व्यवस्थापन ।

५. **ज्येष्ठ नागरिक एवम् अपांगमैत्री र लैंगिक संवेदनशीलताः** सेवा प्रदान गर्दा सहयोग कक्षको व्यवस्था, गोपनीयता र सेवाग्राहीको विशेष आवश्यकतानुसार सेवा दिइएको छ, छैन अवलो कन गरी सेवाग्राहीका धारणाहरू सङ्कलन गर्नुपर्ने ।

६. स्वास्थ्य संस्थाले स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि गरिएका प्रयासबाट प्राप्त नतिजा ।

७. समयमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) का आधारमा पूर्ण प्रतिवेदनको तयारीको स्थिति ।

८. भौतिक संरचना, औषधि एवं औजारहरूको पर्याप्तता र उपयोगको अवस्था ।

## १०. गाउँपालिकाको सुशासन समितिको भूमिका, काम कर्तव्य र अधिकार

स्वास्थ्य क्षेत्रको सामाजिक परीक्षण प्रक्रियामा नेतृत्व प्रदान गर्ने, योजना गर्ने र व्यवस्थापन सम्बन्धी विषयको जिम्मेवारी बहन गर्ने भूमिका सुशासन समितिको हुनेछ । यसका मुख्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

(क). स्वास्थ्य संस्थाको सामाजिक परीक्षण सम्बन्धी योजना तयार गर्ने र स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने ।

(ख) स्वास्थ्य संस्थाको सामाजिक परीक्षण गर्न कार्य विवरण (Terms of Reference) स्वीकृत गर्ने ।

(ग) सामाजिक परीक्षणको कार्य गराउनका लागि सूचीकृत सामाजिक परीक्षण संस्था मध्येबाट छनौट गर्ने ।

(घ). सामाजिक परीक्षण कार्यान्वयन प्रक्रियाको अनुगमन गर्ने ।

(ङ) सामाजिक परीक्षणको कार्यलाई प्रभावकारी बनाउन अभिमुखीकरणको व्यवस्था गर्ने ।

(च) गाउँपालिकाको तोकिएका स्वास्थ्य संस्थाहरूमा सामाजिक परीक्षण प्रक्रिया सम्पन्न भए पश्चात प्राप्त नतिजाहरूलाई सार्वजनिकीकरण गर्न गाउँपालिकाका सरोकारवालाहरूको बैठक आयोजना गर्ने ।

(छ) सामाजिक परीक्षणको प्रतिवेदनको मूल्यांकन गरी सो प्रतिवेदनमा उल्लिखित कार्ययोजना अनुमोदनका लागि सिफारिश गर्ने र सामाजिक परीक्षणले पहिचान गरेका सवालहरूलाई कार्यान्वयन गर्न गराउन सहजीकरण गर्ने ।

(ज) सामाजिक परीक्षण प्रतिवेदनमा उल्लिखित कार्ययोजनालाई प्राथमिकताका आधारमा गाउँपालिकाको योजना तथा बजेट प्रक्रियामा समावेश गराउने र गाउँ सभाबाट स्वीकृत गराउन भूमिका खेल्ने ।

(झ) सामाजिक परीक्षण पद्धतिलाई गाउँपालिकाको प्रणाली भित्र संस्थागत गर्ने उपाय अवलम्वन गर्ने ।

(ञ) स्थानीय सरोकारवाला समेतको सहभागितामा सामाजिक परीक्षण गर्ने संस्था र सामाजिक परीक्षकको आचारसंहिता बनाई लागू गर्ने ।

(ट) गाउँपालिकाको स्वास्थ्य क्षेत्रलाई सामाजिक रुपमा जवाफदेही बनाउन आवश्यक सुधारका कार्य गर्ने ।

**११. स्वास्थ्य संस्था सञ्चालन तथा ब्यबस्थापन समितिको भूमिका**

स्वास्थ्य संस्था तहबाट सामाजिक परीक्षणको कार्यलाई नतिजामूलक र प्रभावकारी बनाउने मुख्य भूमिका स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिको हुनेछ । यसका मुख्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

१. समितिका कुनै एक सदस्यलाई सामाजिक परीक्षणका लागि सहज वातावरण बनाउने गरी सम्पर्क विन्दुको जिम्मेवारी दिनुपर्नेछ ।

२. स्वास्थ्य संस्थामा सामाजिक परीक्षणको अभिमुखीकरणको व्यवस्थापन गर्ने र आफू पनि सहभागी हुने ।

३. सामाजिक परीक्षणका क्रममा स्वास्थ्य संस्थाबाट उपलब्ध गराउनुपर्ने सूचनाहरू (जस्तै : औषधि मौज्दात स्थिति, सेवाको उपभोग सङ्ख्या आदि) सहजरूपमा सामाजिक परीक्षकले पाउने व्यवस्था मिलाउने ।

४. सामाजिक परीक्षणका बारेमा समुदायमा सूचना प्रवाह गर्ने र पालिका स्तरीय आमभेलामा उनीहरूका उपस्थितिका लागि अभिप्रेरित गर्ने ।

५. सामाजिक परीक्षणका क्रममा आइपर्ने समस्या समाधानका लागि उपाय अवलम्वन गर्ने ।

६. सामाजिक परीक्षणबाट उठाइएका सवालहरूलाई वडा तह र गाउँपालिकाको वार्षिक कार्ययोजनामा समावेश गर्न पैरवी गर्ने ।

७. सामाजिक परीक्षणको अवधिमा तयार गरिएको कार्ययोजनाको कार्यान्वयनको अनुगमन गर्ने ।

८. सामाजिक परीक्षण पद्धतिलाई वडा तहको प्रणालीभित्र संस्थागत गर्ने उपाय अवलम्वन गर्ने ।

**१२. सामाजिक परीक्षक संस्थाको ब्यबस्था**

**(क). सामाजिक परीक्षक संस्थाको छनौट :** गाउँपालिकाले स्वास्थ्य संस्थाको सामाजिक परीक्षणको सहजीकरण गर्नका लागि गाउँपालिकामा सुचिकृत भएका स्थानीय गैह्र सरकारी संस्थाहरु मध्येबाट प्रचलित नियमानुसार सामाजिक परीक्षक संस्थाको छनौट गरिने छ ।

**(ख) सामाजिक परीक्षक संस्थाको योग्यता :**

(१) प्रचलित नियम बमोजिम विधिवत गैर सरकारी सामाजिक संस्थाका रुपमा दर्ता भई कम्तीमा ५ बर्ष सक्रिय रूपमा कार्यरत रहेको।

(२) सामाजिक परीक्षण वा सामाजिक परिचालन कार्यमा कम्तीमा ३ बर्षको अनुभव भएको ।

(३) स्वास्थ्य सेवा प्रदान गर्ने पद्धति र प्रक्रियाको राम्रो जानकारी भएको ।

(४) सामाजिक परीक्षण वा सार्वजनिक परीक्षण वा सार्वजनिक सुनुवाइ गरेको अनुभव भएको ।

(५) नियमितरूपले संस्थाको वार्षिक लेखा परीक्षण गराएको र संस्था दर्ता नवीकरण गराएको ।

**(ग) सामाजिक परीक्षक संस्थाको मुख्य भूमिका**

(१) यस कार्यविधिमा उल्लेख गरिएका निर्दिष्ट विधि र प्रक्रिया अनुसार सामाजिक परीक्षणको तयारी गर्ने ।

(२) गाउँपालिकाको सहयोगमा स्वास्थ्य संस्थाहरूलाई सामाजिक परीक्षण र यसका प्रक्रिया बारे सूचना गर्ने ।

(३) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिसँगको समन्वयमा सामाजिक परीक्षण प्रक्रियालाई सहजीकरण गर्ने ।

(४) स्वास्थ्य संस्था व्यवस्थापन समिति तथा सम्बन्धित संस्थाका स्वास्थ्यकर्मीहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

(५) सूचना सङ्कलनका लागि स्थान, सूचनाको स्रोत र उत्तर दाताहरू तय गरी सोही बमोजिम आवश्यक जानकारी दिने र सहभागिताका लागि अनुरोध गर्ने ।

(६) स्वास्थ्य संस्था र समुदायबाट आवश्यक सूचना सङ्कलन गर्ने र विश्लेषण गर्ने ।

(७) स्थानीय तहमा रहेका अन्य निकायहरूसँग आवश्यकतानुसार समन्वय गर्ने ।

(८) आमनागरिक (विशेषगरी महिला, गरिब, पिछडिएका एवम् बन्चित समुदाय) लाई सामाजिक परीक्षणका प्रक्रियाहरूमा सक्रियरूपले सहभागी हुन उत्प्रेरित गर्ने र सबै सरोकार वालाहरूलाई परिचालन गर्ने ।

(९) आमभेलामा उपस्थित सेवाग्राही, स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति, स्वास्थ्यकर्मी र अन्य सरोकार वालाहरूको सहभागितामा सुधारको कार्ययोजना तयार गर्ने ।

(१०) पालिका र स्वास्थ्य संस्थास्तरमा आमभेलाको तयारी र सहजीकरण गर्ने ।

(११) निर्धारित समयमा अन्तिम प्रतिवेदन तयार गरी स्थानीय तहको सुशासन समितिमा प्रस्तुत गर्ने ।

(१२) गाउँपालिकाको सुशासन समितिको निर्देशन र सुपरीवेक्षणमा सामाजिक परीक्षणका सबै काम गर्ने ।

(१३) सामाजिक परीक्षक संस्था गाउँपालिकाप्रति उत्तरदायी हुने छ ।

**१४. सामाजिक परीक्षक**

(क) सामाजिक परीक्षक संस्थाले प्राविधिक प्रस्ताव पेस गर्दा योग्यता पुगेका प्रमाणीकृत सामाजिक परीक्षकहरूको संक्षिप्त व्यक्तिगत विवरण समेत पेश गर्नु पर्नेछ ।

(ख) सामाजिक परीक्षणका लागि संस्था छनौट तथा नियुक्ती भई कार्यसम्पादन सम्झौता गर्नुभन्दा पहिले नै सामाजिक परीक्षकका रूपमा कार्य गर्ने गरी योग्यता सूचीमा रहेका प्रस्तावित नामहरू मध्येबाट सामाजिक परीक्षक छनोट गर्नुपर्ने छ ।

(ग) सामाजिक परीक्षकको न्यूनतम योग्यता

१. मान्यताप्राप्त प्रशिक्षण संस्थाबाट सामाजिक परीक्षण सम्बन्धी तालिम हासिल गरेको ।

२. मान्यता प्राप्त प्रशिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण भएको हुनुपर्नेछ ।

३. सामाजिक परिचालन सहजीकरण कार्यमा कम्तीमा ३ बर्षको अनुभव भएको हुनुपर्ने ।

४.स्वास्थ्य सेवाप्रवाह र सरकारले उपलब्ध गराउने स्वास्थ्य सम्बन्धी सेवा सुविधाका विषयमा जानकारी भएको।

५. सूचना सङ्कलन, विश्लेषण तथा प्रतिवेदन गर्न सक्ने क्षमता भएको ।

६. पालिकाको बैठक, अभिमुखीकरण र गोष्ठीहरूको सहजीकरण गर्न सक्ने ।

**१५.क्षमता विकास र क्षमता अभिबृद्धि**

सामाजिक परीक्षण कार्यलाई गुणस्तरीय बनाउन सो को यो जना बनाउने , कार्यान्वयन गर्ने, अनुगमन र मूल्यांकन गर्ने विषयमा गाउँपालिकाका जिम्मेवार पदाधिकारी, स्वास्थ्यकर्मी एवम् सरोकारवालाको क्षमता अभिबृद्धि गर्न गाउँपालिकाले आवश्यक बजेटको व्यवस्था गरी अभिमुखिकण तथा तालिम सञ्चालन गर्नेछ ।

## १६. सामाजिक परीक्षणका चरण र विधि

(क) सामाजिक परीक्षणका विभिन्न चरणहरू

गाउँपालिकाको स्वास्थ्य क्षेत्रको सामाजिक परीक्षणका लागि देहायका चरणमा कार्यसम्पन्न गरिने गरी व्यवस्था गरिनेछ :

पहिलो चरण : कार्ययोजना र तयारी

दोस्रो चरण : सरोकारवाला पहिचान र क्षमता अभिबृद्धि

तेस्रो चरण : कार्यान्वयनको तयारी र सामाजिक परीक्षण कार्यान्वयन

चौथो चरण : गाउँपालिका स्तरमा आमभेलाको आयोजना

पाँचौ चरण : प्रतिवेदन तयारी र कार्ययोजना तर्जुमा

सामाजिक परीक्षणका विभिन्न चरण र ती चरणमा गरिने क्रियाकलाप देहाय बमोजिम हुने छन्:

| चरण | क्रियाकलाप |
|---|---|
| **पहिलो चरण:** कार्ययोजना र तयारी | • २ बर्ष भित्र गाउँपालिकाका सबै स्वास्थ्य संस्थालाई समेट्ने गरी सरोकारवालाहरूसँगको गाउँपालिकाले सामाजिक परीक्षणको योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने छ।<br>• क्षमता अभिबृद्धिका कार्यक्रमहरू सञ्चालन गर्न क्षमता विकास योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ।<br>• सामाजिक परीक्षणको योजना कार्यान्वयन गर्न र क्षमता विकास योजना कार्यान्वयन गर्न गाउँपालिकाले बार्षिक योजना तथा बजेटमा कार्यक्रममा समावेश गर्नु पर्नेछ।<br>• सामाजिक परीक्षण कार्यलाई सहभागितामूलक र व्यवस्थित बनाउनका लागि कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्न मुख्य सराकारवालासँग सहकार्य र समन्वय गरिने छ ।<br>• प्राथमिकताका आधारमा सामाजिक परीक्षण गरिने स्वास्थ्य संस्थाको संख्या निर्धारण र छनौट गरिने छ ।<br>• स्वास्थ्य संस्थाले सेवा दिने समुदायलाई सामाजिक परीक्षणका बारेमा जानकारी गराइने छ ।<br>• यी माथिका समग्र प्रक्रियामा गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख र अन्य स्वास्थ्य कर्मचारीले सक्रिय रुपमा आफ्नो संलग्नता देखाउने छन् । |

| | |
|---|---|
| **दोस्रो चरण:** सरोकारवाला पहिचान र क्षमता अभिबृद्धि | • सामाजिक परीक्षणसँग सम्बद्ध सरोकारवालाको पहिचान गर्नका लागि सरोकारवाला नक्साङ्कन (Stakeholder Mapping) र विश्लेषण गरिने छ ।<br>• सामाजिक परीक्षणको महत्व, पद्धति र प्रक्रिया, अपेक्षित नतिजा तथा विभिन्न पक्षको भूमिकाका वारेमा गाउँपालिकाले .पालिका तथा स्वास्थ्य संस्थास्तर मा अभिमुखीकरण कार्यक्रम सन्चालन गर्नेछ।<br>• अभिमुखीकरणका कार्य पालिकास्तर र स्वास्थ्य संस्थास्तर मा सञ्चालन गरिने छन् ।<br>• पालिकास्तरको अभिमुखीकरण कार्यक्रममा गाउँपालिकाका पदाधिकारीहरू, स्थानीय तहका स्वास्थ्यकर्मीहरू, बहुसरोकारवाला सामाजिक जवाफदेहिता मन्चका सदस्यहरू, स्थानीय गैर सरकारी संस्था, सामाजिक परीक्षण संस्थाका सामाजिक परीक्षक, आमसञ्चारका प्रतिनिधि, वाह्य विकास साझेदार संस्थाका प्रतिनिधि, निजी क्षेत्रका प्रतिनिधि, आदि सहभागी हुने छन् ।<br>• स्वास्थ्य संस्थास्तरको अभिमुखीकरण कार्यक्रममा वडाका पदाधिकारीहरू, स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरू, बहुसरोकारवाला सामाजिक जवाफदेहिता मन्चका सदस्यहरू, समुदायमा कार्यरत गैर सरकारी संस्था, सामाजिक परीक्षण संस्थाका सामाजिक परीक्षक, आमसन्चारका प्रतिनिधि, |

<table>
<tr><td></td><td>समुदायस्तर का वाह्य विकास साझेदार संस्थाका प्रतिनिधि, निजी क्षेत्रका प्रतिनिधि, आदि सहभागी हुने छन् ।<br>● यी माथिका समग्र प्रक्रियामा स्वास्थ्य शाखा प्रमुख र अन्य स्वास्थ्य कर्मचारीले सक्रिय रुपमा आफ्नो संलग्नता देखाउने छन् ।</td></tr>
<tr><td>तेस्रो चरणः<br>कार्यान्वयनको तयारी र सामाजिक परीक्षणको कार्यान्वयन</td><td>● सामाजिक परीक्षणको कार्यान्वयनको तयारी पालिकास्तरमा र स्वास्थ्य संस्थास्तरमा गाउँपालिकाको स्वास्थ्य शाखाको संयोजनमा गरिने छ ।<br>● स्वास्थ्य संस्थास्तरमा सामाजिक परीक्षणको तयारी स्वास्थ्य संस्था सञ्चालन तथा व्यबस्थापन समितिको संयोजनमा गरिने छ ।<br>● पालिकास्तरमा गाउँपालिकाको स्वास्थ्य शाखाले सामाजिक परीक्षण गरिने विभिन्न स्वास्थ्य संस्था एवम् सरोकारवालाहरूलाई पालिका भरि सञ्चालन हुने सामाजिक परीक्षण कार्ययोजनाको जानकारी गराउने छ ।<br>● सामाजिक परीक्षणका लागि सामाजिक परीक्षण संस्था तथा सामाजिक परीक्षकको नियुक्ती गरिने छ । यस्तो नियुक्तीसँगै कार्य विवरण (Terms of Reference) निर्धारण गरी सो बमोजिम गाउँपालिका र सामाजिक परीक्षण संस्थाबीच कार्यसम्पादन सम्झौता गरिने छ । सो अनुसार सामाजिक परीक्षणको कार्यान्वयनका लागि शुरु गरिने मिति निर्धारण गरिने छ ।<br>● गाउँपालिकाको सुशासन समितिमा सामाजिक परीक्षण संस्था र सामाजिक परीक्षकका लागि अभिमुखीकरण कार्यक्रमको आयोजना गरिने छ ।<br>● सामाजिक परीक्षण संस्थाले कार्यसम्पादन सम्झौताका आधारमा आफ्नो तयारी योजनावद्ध रुपमा गर्नु पर्नेछ।<br>● स्वास्थ्य संस्था तहमा स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिले सामाजिक परीक्षणको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहका सरोकारवालाहरू र आमनागरिक बीच समन्वय गर्नेछ।</td></tr>
<tr><td>तेस्रो चरणः<br>कार्यान्वनको तयारी र सामाजिक परीक्षणको कार्यान्वयन</td><td>● स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिसँगको समन्वय र सामाजिक परीक्षण संस्थाले सामाजिक परीक्षणको कार्ययोजना (सूचना सङ्कलन, विश्लेषण र आमभेला) तयार गर्नेछ ।<br>● स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले सामाजिक परीक्षण संस्थासँगको समन्वयमा आमभे लाको स्थान, समय र मिति निर्धारण गर्नुका साथै आमभेलामा उपस्थितिका लागि आमनागरिक तथा सरोकारवालालाई आमन्त्रण गर्नेछ ।<br>● सामाजिक परीक्षणको कार्यान्वयनको तयारी तथा कार्यान्वयनका समग्र पक्षको सुपरीवेक्षण पालिकास्तर मा सुशासन समितिले र स्वास्थ्य संस्था तहमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले गर्नेछ ।<br>● सामाजिक परीक्षण संस्थाले सामाजिक परीक्षणका लागि आवश्यक पर्ने सूचना, तथ्याङ्क र जानकारी संकलन र विश्लेषणको योजना तयार गर्नेछ ।<br>● सामाजिक परीक्षणका लागि सूचना सङ्कलन कार्य सुरु गर्नु अगाडि सामाजिक परीक्षण संस्थाले मुख्य रूपमा निम्न तीन पक्षहरूलाई ध्यान दिनेछः<br>पहिलो : नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्नका लागि गरिएका व्यवस्था र क्रियाकलापहरूको अवलोकन गर्ने । आमनागरिकले के , कस्ता स्वास्थ्य सेवाहरू कसरी र कहँबाट प्राप्त गरि रहेका छन् भन्ने कुराको जानकारी लिने ।<br>दोस्रो : गाउँपालिकामा उपलब्ध स्वास्थ्य सेवा प्रदान गर्ने तरिका (जस्तै स्वास्थ्य संस्थामा निःशुल्क जाँच गरिन्छ कि गरिंदैन? औषधि निःशुल्क प्राप्त हुन्छ कि बजारबाट खरिद गर्न लगाइन्छ ? आदि), स्वास्थ्यकर्मीहरूको व्यवहार र सेवाको गुणस्तर बारे आमनागरिकको धारणा प्रस्टसँग बुझ्ने कार्यगर्ने । यसका लागि सामाजिक परीक्षकले अनौपचारिक रूपमा स्थानीय चिया पसल लगायतका ठाउँमा जमघट भएका व्यक्तिहरूसँग छलफल गर्ने र त्यसको टिपो टसमेत तयार गर्ने ।<br>तेस्रो : स्वास्थ्यकर्मीहरूसँग अनौपचारिक सम्बन्ध बिस्तार गरी सौहार्द वातावरणको सिर्जना गर्ने । स्वास्थ्यकर्मीहरू नै प्रमुख सूचनादाता हुने हुँदा उनीहरूसँगको सम्बन्ध अनौपचारिक तथा हार्दिक बनाउन प्रयास गर्नुपर्नेछ।</td></tr>
</table>

| | |
|---|---|
| **पाँचौ ंचरणः**<br>प्रतिवेदन तयारी र कार्ययोजनाको प्रस्तुती | स्वास्थ्य संस्था र समुदाय दुवै तहमा सूचना सङ्कलन गर्न सामाजिक परीक्षण संस्थाले निम्नानुसारका विधि अवलम्बन गर्नुपर्नेछः<br>अवलोकन विधिः यस विधिमा निम्नानुसारका विषयहरूमा विशेष ध्यान दिनुपर्दछः<br>(१) स्वास्थ्य संस्थाहरूमा अनिवार्यरूपमा उपलब्ध गराउने सेवा र जिम्मेवारीसहितको नागरिक वडापत्रको व्यवस्था गर्नुपर्ने कानूनी प्रावधान छ । नागरिक वडापत्रमा सामान्यतया सम्बन्धित स्वास्थ्य संस्थामा के के सेवाहरू उपलब्ध छन्, सेवाग्राहीले सेवा प्राप्त गर्ने प्रक्रिया के के हुन्, कति समयमा सेवा पूरा हुन्छ, शुल्क लाग्ने भए कति लाग्ने हो , सेवा प्रदान गर्ने जिम्मेवार स्वास्थ्यकर्मीको हो र सेवाग्राहीलाई सेवामा सन्तुष्टि नभएमा गुनासो गर्ने सम्बन्धित अधिकारीको हो भन्ने स्पष्ट खुलाइएको हुनुपर्छ । यी कुराहरूहरूलाई ध्यानमा राखी स्वास्थ्य संस्थाले नागरिक वडापत्र उचित स्थानमा राखे को छ वा छैन, आमनागरिकले सो को उपयोग कसरी सहज रुपमा गरि रहेका छन्, सो को अवलोकन गरी टिपोट गर्नुपर्दछ ।<br>(२) आमा सुरक्षा कार्यक्रमअन्तर्गत निःशुल्क प्रसूति सेवा, प्रसूति प्रोत्साहन र कम, गर्भवती जाँचवापत प्राप्त हुने प्रोत्साहन र कम, निःशुल्क औषधि वितरण र निःशुल्क स्वास्थ्य सेवाका जानकारीहरू बोर्ड वा सूचना पाटीमा टाँसिएका छन् कि छैनन् परीक्षण गर्ने र सोही अनुसार टिपोट गर्नुपर्दछ ।<br>(३) सूचनाहरू प्रवाह गर्ने बोर्ड र सूचनापाटी व्यवस्थित रूपमा राखिएको छ, छैन हेर्ने र सोही अनुसार टिपोट समेत गर्नु पर्दछ ।<br>(४) स्वास्थ्य संस्थामा निःशुल्क प्रसूति सेवा लिने र त्यसवापत् प्रोत्साहन र कम प्राप्त गर्ने महिलाहरूको नामावली नियमित रूपमा स्वास्थ्य संस्थाको सूचना पाटीमा टाँस्नुपर्ने अनिवार्य व्यवस्था अनुसार त्यस्तो कार्य भए नभएको समेत अवलोकन गर्नु पर्दछ ।<br>(५) स्वास्थ्य संस्थाभित्र र बाहिर सरसफाइको अवस्था, फोहोर व्यवस्थापन तथा स्वास्थ्य संस्थाको सुरक्षाको प्रबन्धजस्ता विषयहरूमा अवलोकन गरी टिपोट गर्नु पर्दछ ।<br>(६) भवनको भौतिक अवस्था, आवश्यकको ठाहरूको उपलब्धता, शौ चालय (महिला र पुरुष), विजुली वा वै कल्पिक उर्जाको व्यवस् था, धार ा एवम् पिउने पानीको व्यवस् था, कम्पाउण्ड वाल, आदि ।<br>स्वास्थ्य संस्थाबाट सूचना सङ्कलन विधिः<br>स्वास्थ्य संस्थामा हुने विभिन्न रजिष्टर , फाइल रेकर्ड र अभिले खहरूबाट स्वास्थ्यकर्मीको सहयोगमा विशेष गरी निम्न सूचना र तथ्याङ्क सङ्कलन गर्नुपर्ने छ ।<br><br>**<u>(१) निःशुल्क प्रसूति सेवा लिने आमाको विवरणः</u>**<br>आमा कार्यक्रम अन्तर्गत गत आर्थिक बर्षमा निःशुल्क प्रसूति सेवा र प्रसूति प्रोत्साहन रकम लिने आमाहरूको विवरण अनुसूची-३ मा प्रस्तुत गरिएको ढाँचामा सङ्कलन गर्नुपर्नेछ।<br>**<u>(२) निःशुल्क प्रसूतिसे वा लिने आमाहरूसँग भेटघाटः</u>**<br>निःशुल्क प्रसूति सेवा प्राप्त गरी प्रोत्साहन रकम प्राप्त गर्ने आमाहरूको सूची मध्येबाट स्वास्थ्य संस्थामा प्रसूति सेवा लिएका ४ जना आमाको नामावली सङ्कलन गर्ने र घरभेट गरी तल उल्लेख गरिए अनुसारका सूचना लिएर प्रतिवेदनमा समावेश गर्नुपर्ने छ । निःशुल्क प्रसूति सेवा लिने आमाहरूहरूको नामावली अनुसूची-४ मा प्रस्तुत गरिएको ढाँचामा तयार गर्नु पर्नेछ। चारपटक गर्भवती जाँच गराएको वा नगराएको , सो जाँच उचित समयमा गरिएको छ, छैन, सो जाँच गराएको भए स्वास्थ्य संस्थामा सुत्केरी भएपछि पाउनुपर्ने प्रोत्साहन र कम पाए नपाएको , स्वास्थ्य संस्थामा सुत्केरी हुँदा पैसा खर्च भए नभएको , स्वास्थ्य संस्थामा उनले पाएको सेवा र व्यवहार कस्तो रहेको थियो , आदि ।<br>**द्रष्टव्यः विषय केन्द्रित छलफलको समयमा वा सम्बन्धित वडाका महिला स्वास्थ्य स्वयम् सेविकाहरूको सहयोग लिएर उपर्युक्त महिलाहरूको घर पत्ता लगाउन सकिने छ ।**<br><br>**<u>(३) औषधि दाखिला र शून्य मौज्दातको विवरणः</u>**<br>स्वास्थ्य संस्थाबाट निःशुल्क प्रदान गर्नका लागि नेपाल सरकारले व्यवस्था गरेका औषधिहरू तथा गाउँपालिकाबाट व्यवस्था गरिएका औषधिहरू बर्षभरिनै स्वास्थ्य संस्थामा निरन्तर उपलब्ध रहि रहनु पर्दछ । यस व्यवस्था अनुसार औषधिको उपलब्धता थाहा पाउनका लागि अनुसूची-२ मा रहेको औषधि दाखिला र मौज्दातको विवरण फाराम अध्ययन गर्नु पर्नेछ । जस अनुसार निःशुल्क औषधिको दाखिला र वितरणको |

विवरण सङ्कलन गर्नुपर्दछ । एन्टिबायोटिक लगायत अन्य अत्यावश्यक औषधिहरू बर्षभरि कति पटक दाखिला भयो र कुन कुन बेला ती औषधिको मौज्दात शून्य रह्यो हेर्नु पर्दछ। यो जानकारी स्वास्थ्य संस्थाको भण्डार मा हुने रजिस्टर बाट लिनु पर्दछ। यदि समय अपुग भएमा शून्य मौज्दात भएका औषधिहरूको मात्र विवर ण लिन सकिने छ। यसै गरी उक्त अवधिमा उल्लिखित औषधिहरू चाहिने भन्दा बढी मौज्दात रहेको भए सो पनि उल्लेख गर्नुपर्दछ।

**(४) स्वास्थ्य संस्थाको आम्दानी खर्चको विवरण:**

स्वास्थ्य संस्थाले निःशुल्क सेवा उपलब्ध गराएवापत् पालिकाले दिने एकाई र कम (निःशुल्क प्रसूति सेवा र निःशुल्क स्वास्थ्य सेवा वापत् प्रत्येक सेवाग्राहीका लागि आएको निश्चित र कम) लगायत स्वास्थ्य संस्थामा भएका अन्य आम्दानी र त्यसको खर्चको विवरण राखेको हुनुपर्ने छ। उक्त विवरण अनुसूची-५ मा दिइएको फारामको ढाँचाअनुसार सङ्कलन गर्नुपर्नेछ।

**(५) खोप, पविार नियोजन र सुरक्षित मातृत्व कार्यक्रमबाट लाभान्वितहरूको विवरण:**

खोप, परिवार नियोजन र सुरक्षित मातत्व कार्यक्रमबाट लाभान्वितहरूको लक्ष्य (Target) र प्रगति अनुसूची-६ बमोजिम स्वास्थ्य संस्था प्रमुखको सहयोगमा सङ्कलन गर्नुपर्ने छ।

**(६) स्वास्थ्य संस्थाबाट विविध सेवा लिने हरूको विवरण:**

स्वास्थ्य संस्थामा अन्य विविध सेवा लिने को सङ्ख्याबाट उक्त संस्थाको कार्यबोझ, लोकप्रियता, औषधि तथा अन्य स्रोत परिचालनको अवस्था र उक्त सेवा महिला तथा पुरुषले के कति लिए भन्ने बारेमा थाहा पाउन विविध स्वास्थ्य सेवा लिने व्यक्तिहरूको विवरण अनुसूची-७ मा फारामको ढाँचामा सङ्कलन गर्नुपर्ने छ।

**(७) स्वास्थ्यकर्मीहरूसँग अन्तरक्रिया:**

- स्वास्थ्य संस्थाको व्यवस्थापकीय पक्ष, सेवाको गुणस्तर अभिवृद्धिका लागि गरिएका प्रयासहरूको जानकारी सङ्कलन गर्नका लागि स्वास्थ्यकर्मीहरूसँग अन्तरक्रिया गर्नुपर्ने हुन्छ। अन्तरक्रिया गर्दा निम्नानुसारका विषयहरूलाई आधार मानी गर्नु पर्नेछ। सम्बन्धित स्वास्थ्य संस्थाबाट दिइने सेवाका आधारमा सूचना लिने विषय थपघट गर्न सकिने छ।
- स्वास्थ्य संस्थामा सेवाग्राहीले चाहेमा गुनासोहरू राख्न पाउने के व्यवस्था छ ? गत बर्ष कस्ता प्रकारका गुनासाहरू प्राप्त भएका थिए ? हालसम्म ती गुनासाहरूलाई कसरी सम्बोधन गरियो ? त्यसपछि के फरक आयो त ?
- स्वास्थ्य संस्था व्यवस्थापनका राम्रा पक्ष, सुधार गर्नुपर्ने पक्ष, व्यवस्थापनमा अन्य क्षेत्रबाट प्राप्त सहयोग र अबरोधहरू के के हो लान् ? संस्थाले गरेका अनुकरणीय कामहरू के के छन् ? आदि।
- व्यवस्थापन समितिको गठन (समावे शी, उचित सङ्ख्या), बै ठक (नियमितता, उपस्थि ति), निर्ण यहरू (गरीब, महिला, पिछडिएका र बन्चितिमा परे का समू हको हितमा हुने , अन्य निकायसँग समन्वय र स्रोत परिचालन आदि) कस्ता रहेका छन् ?
- भौतिक पूर्वाधार को पर्याप्तता र त्यसको उचित प्रयोगको बारेमा धारणा बुझ्ने। यदि नपुग भए के कस्ता पूर्वाधार नपुग छन् होला ? सरकी बाहेक अन्य कुनै निकायबाट अपुग पूर्वाधार निर्माण गर्न सकिने सम्भावना रहेको छ ?
- स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको उपस्थितिको बारेमा बुझ्ने। कति दर बन्दी छ ? त्यसमध्ये हाल कति हाजिर छन् ? कति र कस्ता स्वास्थ्यकर्मी अपुग छन् ? यदि को ही काजमा या अन्य कुनै कारणले अनुपस्थित भए त्यसको कारण के होला ?
- स्वास्थ्य संस्थामा सेवा लिन कुन भौगेलिक क्षेत्रबाट आउँछन् ? विशेष कुनै क्षेत्र या वर्गका मानिसहरू बढी आउने या कुनै क्षेत्र या वर्गका मानिसहरू कम आउने गर्छन् कि ? किन यसो भएको होला ? यस अवस्थालाई कम गर्न स्वास्थ्य संस्थाले के ही प्रयास गरेको छ कि ?
- समुदायबाट स्वास्थ्य संस्था सञ्चालनमा सहयो ग/असहयो ग के र हे को छ ?
- प्रभावकारीरूपमा स्वास्थ्य सेवा दिनका लागि आर्थिक स्रोतको अभाव खट्केको छ कि ? यदि छ भने कुन कामका लागि आवश्यक छ ? स्रो त जुटाउन तपाईंले के के गर्नु भएको छ ?

- स्वास्थ्य सेवालाई अझ बढी समावेशी अपाङ्गता मैत्री र लैङ्गिक रूपमा थप संवेदनशील बनाउन स्वाथ्य संस्थाले गरेका प्रयासहरू के के छन्? के ती पर्याप्त छन् ? छैनन् भने के थप गर्नुपर्ला र कसले गर्नुपर्ला ?
- नागरिक वडापत्रको अवलोकनको आधारमा के ही कमजोरी भेटिएमा त्यसको कारण सोध्ने र यदि सुधार गर्नुपर्ने भएमा प्रतिबद्धता सुनिश्चित गर्ने ।
- गत आ.व.भित्र यस स्वास्थ्य संस्थाको क्षेत्रभित्र मृत्यु हुने नवजात शिशु तथा सुत्केरी आमा छन् कि छैनन् । भए, कति जना ?
- अन्य केही सुझावहरू भएमा टिपोट गर्ने ।

**(८) स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिसँग अन्तरक्रियाः**

स्थानीय स्तरबाट स्वास्थ्य सेवा सुधारका लागि दिइएको महत्व र त्यसका उपलब्धिहरूबारे जानकारी लिन स्वास्थ्य व्यवस्थापन समितिसँग छलफल गर्नुपर्ने छ । स्वास्थ्य संस्था व्यवस्थापन समितिसँगको अन्तरक्रिया गर्दा निम्नानुसारका विषयहरूमा केन्द्रित रहेर गर्नुपर्दछः

(क) बैठकः बर्षभरि सम्पन्न बैठकको सङ्ख्या, नियमितता, बैठकमा उपस्थिति (विशेषगरी महिला र बन्चितिमा परेका व्यक्तिहरूको उपस्थिति) ।

(ख) महत्वपूर्ण निर्णयहरू एवम् कार्यान्वयनः गरीब, महिला, जोखिममा रहेका र बन्चितिमा परेका समूहको हितमा भएका निर्णयहरू, पालिका लगायत स्वास्थ्य संस्थास्तर मा कार्यरत सरकारी र गैर सरकारी निकायहरूसँगको समन्वय, स्रोत परिचालन सम्बन्धमा भएका निर्णय र त्यसको कार्यान्वयन पक्ष, स्वास्थ्य सेवालाई अपाङ्गता मैत्री, लैङ्गिक संवेदनशील एवम् समावेशी बनाउन गरिएका निर्णयहरू र सो को कार्यान्वयन पक्ष ।

(ग) निःशुल्क प्रसूति सेवा लगायत अन्य सेवा वापत गाउँपालिकाले उपलब्ध गरिएको रकमको उपयोग

(घ) स्वास्थ्य संस्था खुल्ने समयावधिको नियमितता

(ङ) नागरिकहरूको गुनासाहरू सुन्ने परिपाटी : यस सम्बन्धमा गरिएको व्यवस्था, बर्षभरि प्राप्त गुनासाहरूको प्रकार , गुनासाहरूलाई सम्बोधन गरिएको अवस्था ।

(च) स्वास्थ्यकर्मीहरूको उपस्थितिः दरबन्दीअनुसार कर्मचीको व्यवस्था छ कि छै न ? स्वास थ्यकर्मीहरू बर्षभरि नै स्वास्थ्य संस्थामा उपस्थित हुन्छन् कि हुँदैनन् ? उपस्थित नहुने भए किन हो ला ? बर्षभरि प्रायः सबै स्वास्थ्यकर्मीहरूको उपस्थिति सुनिश्चित गर्न व्यवस्थापन समितिले गरेका प्रयासहरू ।

(छ) गत आ.ब.मा यस स्वास्थ्य संस्थाको कार्यक्षेत्र भित्र मृत्यु हुने नवजात शिशु तथा सुत्केरी आमा छन् कि छै नन् ? भए, कति जना ?

(ज) अन्य सुझाव प्रतिक्रिया केही भए टिपोट गर्ने ।

**(९) सेवाग्राहीले सेवा प्राप्त गरेर फर्कंदाको अनुभव सङ्कलनः**

स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरू तथा सेवाप्रदायकको व्यवहारलाई सेवाग्राहीले कुन रूपमा लिएका छन् भन्ने कुराको प्रतिक्रिया सेवा प्राप्त गरेर फर्किंदै गर्दाको अवस्थामा लिनु पर्दछ । स्वास्थ्य संस्थाहरूबाट सेवा प्राप्त गरेर फर्कने बिरामीहरूमध्ये सामुदायिक स्वास्थ्य एकाई, आधारभूत स्वास्थ्य सेवा केन्द्र र स्वास्थ्य चौकीमा ८ जना र अस्पतालमा १५ जनासँग अन्तर्वार्ता लिनु पर्नेछ । अन्तर्वार्ताका लागि सहभागीको छनोट गर्दा स्वास्थ्य संस्थाले समेट्ने भौगोलिक क्षेत्र, महिला, पिछडिएका र बन्चितिमा परेका समूहको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्दछ । स्वास्थ्य संस्थाबाट सेवा लिएर फर्केका बिरामीहरूसँगको अन्तर्वार्ताको प्रश्नावली अनुसूची-८ मा दिइएको छ ।

सेवा लिएर फर्किएका बिरामीसँग अन्तर्वार्ता लिंदा ध्यान दिनुपर्ने कुराहरूः

(१) उनीहरूले व्यक्त गरेका बिचारहरू सबै गोप्य रहने र कसैको पनि नाम किटेर कहीं कतै उल्लेख गरिने छैन भनेर विश्वस्त पार्ने ।

(२) अन्तर्वार्ता लिने ठाउँ स्वास्थ्य संस्था वा त्यसको नजिक भएमा बिरामीले मनमा लागेका नकारात्मक कुराहरू व्यक्त गर्न अप्ठ्यारो मान्दछन् । त्यसैले सकेसम्म उपयुक्त स्थानको खोजी गर्नुपर्दछ ।

(३) सम्भव भएसम्म बिरामीलाई सजिलो सँग बस्न आग्रह गर्ने र उनीहरूलाई आफ्ना बिचारहरू ढुक्क भएर केही नलुकाई भन्नलाई अनुरोध गर्नुपर्दछ ।

(४) बिरामीहरू थाकेका, उपचार पछि राम्रोसँग निको नभएका वा असजिलो महसुस गरिरहेका हुन सक्छन्, यस कुरामा पनि ध्यान दिएर मात्र अन्तर्वार्ताका लागि उनीहरूलाई छनोट गर्नु पर्दछ । बिरामीहरूबाट आएका सूचना तथा जानकारीहरूलाई आफूले सच्याएर टिपोट गर्नु हुँदैन, हुबहु टिपोट गर्नुपर्दछ ।

(५) बिरामीलाई नेपाली भाषामा उत्तर दिन सहज नहुने भएमा सम्भव भएसम्म स्थानीय भाषामा छलफल गर्नु पर्दछ । स्थानीय स्रोत व्यक्तिको मद्दतबाट यो सम्भव हुन सक्छ ।

**समुदाय तहमा सूचना सङ्कलन**

स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवालाई सेवाग्राही एवम् आमजनताले कसरी बुझेका छन्, उनीहरूको भोगाई केछ ? आदिका बारेमा सूचना सङ्कलन गर्नका लागि अनुसूची- ९ का सूचकहरूका आधारमा समुदायको धारणा बुझ्नुपर्दछ । त्यसैले छलफलको सहजीकरण गर्ने व्यक्तिले सबै भन्दा पहिला यी सूचकहरूको बारेमा प्रष्ट हुन जरुरी छ । ती सूचकहरूमा समुदायको धारणा बुझ्न निम्नानुसारका विधिहरू अपनाउनुपर्ने छः

(अ) विषय केन्द्रित समूह छलफलः आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा आधारभूत अस्पतालले सेवा दिनुपर्न कार्यक्षेत्र भित्र महिला, बन्चितिमा परेका समूह (दलित, अति सीमान्तकृत जनजाति आदि) आर्थिक स्थिति ( धनी, गरीब), दुर्गम वा विकट क्षेत्रको प्रतिनिधित्व हुने गरी कम्तीमा ४ वटा स्थानमा विषयकेन्द्रित छलफल गर्नुपर्ने छ । विषयकेन्द्रित समूह छलफल गर्नेप्रक्रिया अनुसूची-१० मा उल्लेख गरिएको छ । यस्तो छलफलका लागि १२ देखि १६ जनाको दलित समूह आमा समूह विपन्न समूह छनोट गर्नुपर्ने छ । यी विषयकेन्द्रित समूह छलफल मध्ये एउटा छलफल स्वास्थ्य संस्था रहेको स्थानबाट सबै भन्दा टाढाको स्थानमा गर्नुपर्ने छ । यदि कुनै वडामा दलित बस्ती नभएमा या विषयकेन्द्रित समूह छलफलको लागि पर्याप्त दलितहरू नभएमा मिश्रित समूहसँग छलफल गर्नुपर्ने छ । सकभर महिला समूहका लागि महिला र मिश्रित समूहका लागि पुरुष वा महिला सहजकर्ताको व्यवस्था गर्नुपर्ने छ ।

**विषयकेन्द्रित समूह छलफलको सहजीकरणमा ध्यान दिनुपर्ने कुराहरूः**

- सबै भन्दा पहिले यो विषयकेन्द्रित छलफल स्वास्थ्य संस्थाले समुदायमा पुऱ्याएका सेवाहरूको प्रभावकारिता, स्वास्थ्यकर्मीहरूको व्यवहार र समग्रमा स्वास्थ्य सेवाको गुणस्तर जस्ता विषयमा आमनागरिकको धारणा बुझ्ने कुरामा केन्द्रित रहने जानकारी गराउने । साथै छलफलमा उठेका कुराहरूले आगामी दिनमा स्वास्थ्य संस्थाको सेवालाई अझ बढी प्रभावकारी बनाउन सहयोग पुग्ने कुरामा पनि जोड दिने ।
- सबै सहभागीहरूलाई निर्धक्क भएर आफ्ना कुरा राख्न अनुरोध गर्ने र कसैका बिचारहरू व्यक्तिको नामनै किटेर कतै उल्लेख नगरिने कुरामा सबैलाई आश्वस्त पार्ने ।
- सबै सहभागीहरूलाई समानरूपमा आफ्ना बिचार राख्न प्रेरित गर्ने र धेरै बोलिरहने कोही छन् भने त्यस्ता व्यक्तिलाई तरिका पुऱ्याएर रोक्ने र अरू सहभागीलाई पनि बोल्न अवसर दिने । सबै सहभागीको सक्रिय सहभागिता रहेको छ भन्ने कुरामा सुनिश्चित हुने ।
- अनुसूची-१० मा उल्लेख गरिएका विषयहरूमा क्रमैसँग समूहमा छलफल गर्ने । छलफलको क्रममा मुख्यरूपमा ती सूचकहरूमा समुदायको धारणा बुझ्ने र त्यसलाई आफ्नो नोट बुकमा क्रमैसँग लेख्ने । अन्त्यमा छलफलको निचोड सहभागीलाई सुनाएर त्यसमाथि उनीहरूको सहमति लिने ।
- हरेक विषयकेन्द्रित छलफलहरूको निचोड छुट्टाछुट्टै लेख्ने र अन्त्यमा विभिन्न समूहबाट आएका फरक र समान बिचार हरूलाई समूहकृत गरी टिपोट बनाउने ।

**(आ) महिला स्वयम्से विकासँग अन्तर्वार्ताः** विषयकेन्द्रित छलफल हुने वडामा स्थानीय महिला स्वयम्सेविकाहरूसँग संक्षिप्त कुराकानी गरी निम्न विषयहरूमा उनीहरूको धारणा सङ्कलन गर्नुपर्दछ । स्वास्थ्य संस्थाको बारेमा स्थानीय सर्वसाधारणहरूको कस्तो धारणा छ ? के प्रायः सबै जना स्वास्थ्य सेवा लिन जान्छन् ? स्वास्थ्य सेवा लिन गर्भवती महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति, बृद्धलगायत सबै गाउंले लाई कुनै बाधा अवरोध छन की ? स्वास्थ्य संस्थामा औषधिहरू निःशुल्क रूपमा पाइन्छ वा बिरामीले बाहिरबाट किन्नुपर्छ ? स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरू प्रायः उपस्थित हुन्छन् कि हुँदैनन् ? स्वास्थ्यकर्मीको बानी, व्यवहार कस्तो छ ? स्वास्थ्य संस्थाले प्रदान गर्ने सबै प्रकारका सेवा र सुविधाबारे सबैलाई थाहा छ कि छैन?

**सूचनाको विश्लेषण**

विभिन्न स्रोतबाट सूचना र तथ्याङ्क सङ्कलन गर्ने कार्य पूरा भएपछि सङ्कलित सूचनाहरूको विश्लेषण गरी निष्कर्षमा पुग्नुपर्दछ। निष्कर्षको विश्वसनीयता सुनिश्चित गर्न र त्यसमा सबै सरोकारवालाको अपनत्व कायम गर्न यस प्रक्रियामा सकेसम्म स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र स्वास्थ्यकर्मीहरूको संलग्नता सुनिश्चित गर्नुपर्दछ। तर विश्लेषण गरी निष्कर्ष निकाल्दा तटस्थता र निश्पक्षता अपनाउनु पर्ने कुरालाई भने मुख्यरूपमा जोड दिनुपर्ने छ।

(१) सूचनाको विश्लेषण गर्ने क्रममा सबै भन्दा पहिले विभिन्न स्रोतबाट सङ्कलित सूचनाहरू एकत्रित गरी छुट्टाछुट्टै राख्ने।

(२) उपलब्ध गराइएका फारामहरूमा भर्ने। हरेक सूचनाको विश्लेषण गर्दै सकारात्मक तथा सुधार गर्नपर्ने विषयहरूको पहिचान छुट्टाछुट्टै गर्ने।

(३) समुदाय, स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूले दिएका सूचनाहरूका आधारमा महत्वपूर्ण सकारात्मक पक्षहरू र सुधार गर्नुपर्ने पक्षहरूलाई छुट्याउने। एउटै विषय धेरै ठाउँबाट उठाइएको छ भने त्यसलाई प्राथमिकतामा राख्ने।

(४) प्राप्त सूचनाहरूमा शङ्का लागेमा वा अस्पष्ट भएमा तुरुन्तै सम्बन्धित व्यक्ति वा निकायसँग भेटेर यकीन गर्ने।

(५) विश्लेषणको क्रममा अधिकांश सूचनादाताले उठाएका कुराहरूलाई सवालको रूपमा पहिचान गर्ने। ( जस्तै : कानूनमा व्यवस् था भएको तर कार्यान्वयन नभएकाले वा धेरै जनाको चासो भएकाले

(६) समग्रमा उपलब्ध स्वास्थ्य सेवामा पहुँच, सेवाको उपभोग, व्यवस्थापन तथा सहभागिताका विषय, राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्षहरू केलाउने।

(७) प्राप्त सकारा त्मक तथा सुधार गर्नुपर्ने विषयहरू समावेश गरी आमभेलाका लागि प्रस्तुतीकरणको तयारी गर्ने, प्रस्तुतीकरणको तयारी गर्दा व्यवस्थापन समिति, स्वास्थ्यकर्मीहरूलाई प्राप्त नतिजाहरूको बारेमा जानकारी दिनुपर्दछ र उनीहरूबाट प्राप्त सुझावहरूलाई समेत प्रस्तुतीमा समावे श गर्नुपर्दछ। प्रस्तुतीकरणको ढाँचा <u>अनुसूची-११</u> मा रहेको छ।

**<u>सामाजिक परीक्षणको प्रारम्भिक नतिजाबारे परीक्षण तथा स्पष्टीकरण</u>**

सामाजिक परीक्षणका क्रममा गरि एको तथ्य र सूचनाको संकलन र विश्ले षणबाट प्राप्त भएको नतिजाका बारेमा सम्बन्धित स्वास्थ्य संस्थासँग प्रतिक्रिया लिनु पर्नेछ। यसक्रममा उठाइएका मुख्य मुख्य विषयवस्तु, गुनासो , समस्या, कमीकमजोरीका बारेमा परीक्षण गर्ने र स्पष्टीकरण प्राप्त गर्ने कार्य गर्नु पर्दछ। यसबाट प्रारम्भिक नतिजामा देखिएका अन्यौल र अस्पष्टता हट्नुका साथै तथ्यमा स्पष्टता कायम हुन्छ। यस प्रक्रियाका आधारमा परिमार्जित नतिजा तयार गरी आमभेलामा प्रस्तुतीका लागि तयार गर्नु पर्दछ।

**आमभेलाको आयोजना**

सामाजिक परीक्षणको अन्तिम चरणको रूपमा स्वास्य संस्था स्तर वा सबै स्वास्थ्य संस्थाको सामाजिक परीक्षण सम्पन्न भएपछि गाउँपालिका स्तरमा आमभेलाको आयोजना गर्नुपर्नेछ। यस क्रममा स्वास्थ्य संस्थास्तरको आमभेला सम्पन्न भैसकेपछि गाउँपालिका स्तरको आमभेलाको आयोजना गर्नु पर्दछ। सामाजिक परीक्षणका विभिन्न चरणहरूबाट प्राप्त नतिजाहरूलाई आमनागरिक एवम् विभिन्न सरोकार वालाको रोहवरमा सार्वजनिक गर्ने र त्यसउपर छलफल गरी उठेका विषयमाथि सम्बोधन गर्न स्वास्थ्य संस्था स्तर र पालिका तहमा कार्ययोजना निर्माण गर्नुपर्दछ।

**आमभेलाको उद्देश्यः**

सामाजिक परीक्षणबाट प्राप्त नतिजाहरूको सार्वजनिकीकरण गर्नु।

उपलब्ध स् वास् थ्य से वाहरूमा सर्वसाधारणको पहुँच, सेवाको गुणस्तर , प्रभावकारिता र स्वास्थ्य संस्थाको जवाफदेहिताको बारेमा सहभागीहरूको राय,सुझाव र प्रतिक्रियाहरू सङ्कलन गर्नु।

सेवाको गुणस्तर , पहुँच र प्रभावकारिताको सुनिश्चित गर्न उठेका सवालहरूको सम्बोधनका लागि कार्ययोजना निर्माण गर्नु।

कार्ययोजनाको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि सम्बन्धित सबैको प्रतिवद्धता सुनिश्चित गर्नु।

**आमभेलाको प्रक्रियाः**

(१) **आमभेलाको व्यवस्थापनः** तोकिएको मिति, समय र स्थानमा उपस्थित सर्वसाधारण तथा सम्बन्धित सरोकारवालाहरू उपस्थित हुने आमभेलाको कार्यक्रम अनुसूची-१२ अनुसार हुने छ। आमभेलाको प्रभावकारी सञ्चालनका लागि निम्न आधारहरू प्रस्तुत गरिएका छन्:

**स्थानः** स्वास्थ्य संस्थास्तरको आमभेला स्वास्थ्य संस्था एवं सम्बन्धित स्थानीय अस्पतालमा नै आयोजना गर्ने । गाउँपालिका तहको आमभेला स्थानीय तहको कार्यालयमा आयोजना गर्ने । सहभागीहरूको सङ्ख्याको आधारमा ठाउ ं पर्याप्त हुनेगरी स्थान तोक्नु पर्नेछ ।

**सहभागीः** आमभेला सामाजिक परीक्षणको अत्यन्त महत्वपूर्ण र अन्तिम कार्यक्रम हो । त्यसैले यसमा सबै वर्ग, लिङ्ग, उमेर , जातजाति र भौगोलिक क्षेत्रलगायत अन्य सबै सरोकारवालाहरूको प्रतिनिधित्व हुनु आवश्यक छ। निम्नलिखित सहभागीहरू आमभेलामा बोलाउनुपर्दछ। तर , निम्नानुसार न्यूनतम सङ्ख्याले आमनागरिकहरूको बृहत् उपस्थितिलाई सीमित गर्नैपर्ने हुन्छ ।

- सबै स्वास्थ्य संस्थाले समेट्ने क्षेत्रका सर्वसाधारणहरू मध्येबाट महिला, पुरुष, जनजाति, दलित, मधेशी, मुसलमान, पिछडीएका वर्ग सबै को प्रतिनिधित्व हुने गरी भौगोलिक क्षेत्रको आधारमा कम्तीमा २० जना ।
- स्थानीय संस्थाले ओगटेका वडाका महिला स्वास्थ्य स्वयमसे विकाहरूलाई सहभागी गराउने ।
- स्थानीय सबै विद्यालयहरूको प्रतिनिधित्व हुने गरी शिक्षक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी र अभिभावकबाट कम्तीमा १५ जना ।
- स्वास्थ्य संस्थाका सेवाग्राहीहरू मध्येबाट आमा, गर्भवती महिला, बालबालिका, युवा, बृद्ध, बृद्धाहरूको प्रतिनिधित्व हुने गर ी कम्तिमा २० जना ।
- चारवटा विषयकेन्द्रित छलफलका सहभागीहरू मध्येबाट १६ जना ।
- राजनीतिक दलका प्रतिनिधिहरू ।
- स्वास्थ्य संस्थाले ओगट्ने कार्यक्षेत्रका पालिकाकाका अध्यक्ष/प्रमुखहरू, सामुदायिक संस्थाका अध्यक्ष तथा पदाधिकारीहरू, आमा समूहका सदस्यहरू, उपभोक्ता समिति (वन, खाने पानी, विद्युत्, सिँचाई आदि), कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधिहरू, सो ठाउंमा रहेका मठ मन्दिर , चर्च, मस्जिद, आदिका प्रतिनिधिहरु ।
- गाउँवपालिकाको आमभेलाको अवसरमा स्थानीय अस्पताल र समग्रमा गाउँपालिकाको सामाजिक परीक्षणको नतिजा प्रस्तुत गरिने हुँदा गाउँपालिकाको सम्बन्धित सरकारी कार्यालयका प्रतिनिधिहरूलाई पनि सहभागी गराउने ।

**निमन्त्रणाः** आमभेला हुने स्थान, समय र कार्यक्रम पूरा हुन लाग्ने समय र छलफल गरिने विषयसूची सहित सबैलाई उचित समयमा औपचारिक निमन्त्रणा पठाउने । सधैँ औपचारिक निमन्त्रणामा मात्र भर पर्नुहुँदैन । सामाजिक परीक्षक समेतले भेटघाट गरिएका व्यक्तिहरूसँग उपस्थितिका लागि आग्रह गर्ने ।

**समयः** गाउँपालिकाको आमभेलाका सम्पूर्ण कार्यक्रमहरू बढीमा ३ घण्टाभित्र सम्पन्न हुने गरी सहजीकरण गर्नुपर्दछ ।

(२) आमभेलाको सुरुमा यसको उद्देश्य, औचित्य र सामाजिक परीक्षणको संक्षिप्त अवधारणाबारे सबै लाई जानकारी गराउनुपर्दछ ।

(३) कार्यक्रमलाई व्यवस्थित गर्न स्वयम् सेवकहरूको पनि व्यवस्था गर्नुपर्दछ ।

(४) **सहजीकरणः** यस कार्यक्रमको सहजीकरण सामाजिक परीक्षकले गर्ने । प्रस्तुतीकरणका लागि निर्धारित समयबारे प्रस्तुतकर्तालाई पूर्व जानकारी गराई समय सकिएको सङ्केतपछि रोक्नुपर्ने जानकारी गराउने । खुल्ला छलफलमा बोल्न चाहने सर्वसाधारण सबैलाई मौका दिने तर सबैलाई निर्धारित समयभित्र सक्नुपर्ने जानकारी गराउने । स्वास्थ्य संस्थाका सेवाग्राहीहरूलाई बोल्न प्रेरित गर्ने ।

(५) **स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा/कार्यक्रमहरूका बारेमा प्रस्तुतीकरणः** स्वास्थ्य संस्थाहरूबाट प्राप्त हुने सेवाहरूका बारेमा आमनागरिकमा समान बुझाई नभएको पनि हुनसक्छ । सामाजिक परीक्षणका क्रममा

उनीहरूबाट कार्यक्रमको बारेमा टीका टिप्पणी, मन्तव्य र सुझावहरू अपेक्षा गरिएको हुनाले नेपाल सरकार र गाउँपालिकाबाट उपलब्ध स्वास्थ्य सेवा र सुविधाका बारेमा संक्षिप्त जानकारी गराउन जरुरी हुन्छ। सबै स्वास्थ्य संस्थाबाट स्तर अनुसार एकैनासको सूचना सम्प्रेषण गर्न सम्बन्धित संस्थाले प्रदान गर्ने मुख्य मुख्य सेवाहरूका बारेमा प्रस्तुतीकरण तयार गरी गाउँपालिकाबाट सम्बन्धित स्वास्थ्य संस्थामा पठाउनुपर्ने छ। गाउँपालिकाको प्रतिनिधि वा सम्बन्धित स्वास्थ्य संस्था प्रमुखले निम्न कुराहरूको बारेमा जानकारी दिनुपर्दछः

(क) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको स्वास्थ्य सेवाको उद्देश्य

(ख) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको प्राथमिकतामा परेका स्वास्थ्य सेवाहरू

(ग) स्वास्थ्य संस्थाबाट प्रदान गरिदै गरेका सेवाहरू

(घ) सेवा प्रदान गर्ने विधि

(ङ) केही राम्रा अभ्यासहरू

(६) **प्रतिवद्धताः** प्राप्त सुझावहरूको प्रभावकारी कार्यान्वयनका लागि भेलामा उपस्थित सरोकारवालाहरू (विशेषगरी स्वास्थ्य संस्था) को प्रतिबद्धता र प्रभावकारी अनुगमन संयन्त्रको समेत व्यवस्था गर्ने।

(७) **कार्ययो जनाको निर्माणः** सामाजिक परीक्षणको निष्कर्षबाट उठेका सबै सवालहरूलाई सम्बोधन गर्ने गरी मुख्य रूपमा उपलब्ध सेवा सुविधाहरूमा आमनागरिकको पहुँच, उपभोग, व्यवस्थापन तथा सहभागितामा जोड दिएर कार्ययोजना तर्जुमा गरिनुपर्दछ। कार्ययोजनाको निर्माण सामाजिक परीक्षणको महत्वपूर्ण कडी भएकाले सो कार्यका लागि १:३० घण्टा समय छुट्याउनु पर्दछ। यसरी तर्जुमा गरिएको कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोत जुटाउन विभिन्न सम्भावित निकायहरूसँग समन्वय गर्नुपर्दछ। कार्ययोजनालाई गाउँपालिकाको कार्यपालिका मार्फत  गाउँसभामा प्रस्तुत गरी गाउँपालिकाको विकास कार्यक्रम तथा बजेट लगायत संस्थागत सुधारको कार्यक्रममा समावेश गराउनुपर्दछ।

(८) **कार्ययो जनाको ढाँचाः** सामाजिक परीक्षणबाट प्राप्त विषयवस्तु र आमभेलामा उठेका सवालहरूलाई समेट्दै सम्बन्धित स्वास्थ्य संस्थाको सेवालाई गुणस्तरीय र उत्तरदायी बनाउनका लागि कार्ययोजना तयार गर्नुपर्दछ। कार्ययोना तयार गर्दा अनुसूची-१३ मा प्रस्तुत गरिएको ढाँचा अवलम्बन गर्नु पर्नेछ।

**द्रष्टव्यःआमभेलाको कार्यक्रम अनुसूची-१२ मा दिइएको छ।**

- उल्लिखित विधि/प्रक्रियाहरू पुऱ्याएर आमभेला गराई सामाजिक परीक्षण सम्पन्न भएपछि सामाजिक परीक्षक र सामाजिक परीक्षण संस्थाले सो को प्रतिवेदन तयार गरी स्थानीय स्वास्थ्य संस्था तथा स्थानीय तहमा प्रस्तुत गर्नु पर्नेछ।
- उक्त प्रतिवेदनमा गाउँपालिकाको स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रमको लक्ष्य, प्राप्त प्रतिफल, भए गरिएका राम्रा प्रयासहरू, कमजोरीहरू, सिकाइहरू, आमभेलाका सहभागीहरूको सुझावहरू, कार्ययोजना एवम् त्यसको अनुगमन व्यवस्था प्रतिवेदनमा समेटिनु पर्दछ। कार्यक्रम सञ्चालक, दातृ निकाय र सम्बन्धित सरोकारवालाहरूको लागि पनि यो प्रतिवेदन उपयोगी हुन्छ।
- प्रतिवेदनमा कम्तीमा निम्नानुसार का सूचनासमेत समावेश गरी अनुसूची-१४ मा उल्लेख गरिएको ढाँचाअनुसार प्रतिवेदन तयार गरी गाउँपालिकामा प्रस्तुत गर्नु पर्नेछ।

**(क) स्वास्थ्य सेवा सम्बन्धी सूचनाहरू**

स्वास्थ्य सेवासम्बन्धी विभिन्न उपलब्धि र कार्यक्रमका बारेमा आवश्यक तथ्याङ्कहरूको छोटो जानकारी समावेश गनुपर्दछ। सामाजिक परीक्षणको क्रममा स्वास्थ्य संस्थाहरूबाट सङ्कलित विभिन्न तथ्याङ्कहरूलाई समेटेर यो खण्ड तयार गर्नुपर्दछ।

**(ख) स्वास्थ्य सेवाप्रति समुदायको दृष्टिकोण**

आमनागरिक र समुदायको स्वास्थ्य संस्था र समग्र स्वास्थ्य सेवाप्रतिको दृष्टिकोणको विस्तृत विश्लेषण यो खण्डमा समावेश गर्नुपर्दछ ।

**(ग) भावी कार्ययोजना**

सामाजिक परीक्षणको नतिजा र आमभेलाबाट प्राप्त सुझावहरूको कार्यान्वयनका लागि व्यावहारिक कार्ययोजना र सो को प्रभावकारी अनुगमन व्यवस्था सहितको विवरण प्रतिवेदनमा समावेश गर्नुपर्दछ ।

**(घ) सफल वा उत्कृष्ट कार्यहरू र असफल वा कम्जोर सेवा तथा कार्यक्रमहरू**

**(ङ) विगतको स्थितिसँग तुलना**

गत आ.व.मा भएको सामाजिक परीक्षणले उठाएका विषय र दिइएका सुझावहरूमध्ये कार्यान्वयन भएका सन्दर्भ सहित त्यसबाट प्राप्त प्रतिफलको संक्षिप्त विवरण प्रस्तुत गर्नुपर्दछ। साथै कार्यान्वयन हुन नसकेका विषय पुनः योजनामा समावेश गर्नुपर्दछ। ती प्रतिवेदन स्थानीय तहको सुशासन समितिको बैठकमा प्रस्तुत गरी मूल्यांकन र रायसहित गाउँपालिकाको कार्यपालिका बैठकमा प्रस्तुत गरिने छ ।

गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम प्रतिवेदन र कार्ययोजना गाउँपालिकाको गाउँसभा समक्ष प्रस्तुत गरिने छ ।

तमानखोला गाउँपालिका

## १७. बिस्तृत सामाजिक परीक्षण कार्यका लागि समयावधिको निर्धारण

सामाजिक परीक्षणका लागि गर्नुपर्ने पूर्व तयारी, स्वास्थ्य संस्था तहमा अभिमुखीकरण, सूचना सङ्कलन, सूचनाको विश्लेषण, आमभेला र प्रतिवेदन लेखनका लागि एकजना सामाजिक परीक्षकलाई स्वास्थ्य चौकी र  आधारभूत अस्पतालका लागि ७ दिन अवधि (आवत-जावत गर्ने समय बाहेक) तोकिएको छ । सामाजिक परीक्षक संस्थाले निर्धारित समयभित्र सामाजिक परीक्षणका सम्पूर्ण प्रक्रियाहरू पूरा गरि सक्नु पर्ने छ ।   सामुदायिक स्वास्थ्य एकाईको सामाजिक परीक्षणका लागि ४ दिनको समयावधि तो किएको छ । सामाजिक परीक्षण कार्यान्वयनका चरण, प्रस्तावित विधि र लाग्ने समय निम्नानुसार व्यवस्था गरिएको छः

**सामाजिक परीक्षण कार्यान्वयनका लागि निर्धारित गतिविधि र अवधि**

| क्र.सं. | गतिविधिहरु | समय | कैफियत |
|---|---|---|---|
| १. | तयारी, सूचना सङ्कलन एवम् विश्लेषण | ५ दिन | |
| १.१ | स्वास्थ्य संस्थाको बस्तुस्थिति अवलोकन, सूचना सङ्कलन र सेवा लिएर फर्केका बिरामीहरूसँग अन्तर्वार्ता | | |
| १.२ | आमभेलाको तयारी (सहभागी, स्थान, छलफलका विषयवस्तु र भूमिका आदि) | | स्वास्थ्य संस्था पुगेको दोस्रो दिनभित्रमा आमभेलाको मिति निर्धारण गर्ने । |
| १.३ | समुदायबाट सूचना सङ्कलन (समूह छलफल, स्वास्थ्य संस्थाबाट प्रस्तुती, सेवा लिएका आमाहरूसँग भेटघाट) | | गरीब, दुर्गमक्षेत्र एवम् पिछडिएको समुदायको सहभागिताको सुनिश्चित गर्ने । |
| १.४ | सूचनाहरूको विश्लेषण | | |
| १.५ | व्यवस्थापन समिति एवम् स्वास्थ्यकर्मीहरूसँग प्रारम्भिक नतिजाबारे छलफल गरी मस्यौदा कार्ययोजना तयारी | | |
| २. | आमभेलाको आयोजना र कार्ययोजना निर्माण | १ दिन | ामभेला बढीमा ३ घण्टाभित्र सम्पन्न गर्ने । |
| २.१ | आमभेलाको सहजीकरण (सञ्चालन, नतिजाहरू प्रस्तुती, खुला छलफल) | | |
| २.२ | मस्यौदा कार्ययोजना प्रस्तुती र परिमार्जन | | कार्ययो जनाका लागि कम्तीमा १:३० घण्टा समय दिनुपर्ने । |
| ३. | भावी कार्यदिशा निर्धारण र प्रतिवेदन लेखन | १ दिन | |
| ३.१ | | | |

| | | | |
|---|---|---|---|
| | कार्ययोजना स्वास्थ्य संस्थामा पेस गर्ने र व्यवस्थापन समिति एवम् स्वास्थ्यकर्मीहरूसँग छलफल गरी भावी मार्गचित्र निर्धारण | | कार्ययो जना कार्यान्वयनका लागि मार्गचित्र तयार गर्ने । |
| ३.२ | संक्षिप्त प्रतिवेदन तयारी | | |
| जम्मा | | ७ दिन | |

**नोटः** स्वास्थ्य संस्थामा आवत-जावत गर्न लाग्ने समय भौगोलिक अवस्था र यातायात सुविधाका आधारमा हुनेछ ।

## १८. संक्षिप्त सामाजिक परीक्षणका लागि समयावधि

(क) पहिलो बर्ष सामाजिक परीक्षण भइसकेपछि त्यसले तयार गरेको कार्ययोजना स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिबाट अनुमोदन गराएर कार्यान्वयन गर्ने जिम्मेवारी स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति र स्वास्थ्य संस्था प्रमुखको हुने छ ।

(ख) प्रत्येक बर्ष विस्तृत रूपमा सामाजिक परीक्षण गर्न व्यवहारिक रूपमा कठिन हुने भएकोले दोस्रो बर्षदेखि संक्षिप्त सामाजिक परीक्षण गर्नुपर्नेछ । यस प्रयोजनका लागि जम्मा ४ दिनको अवधि तोकिएको छ । जसअनुसार पहिलो २ दिन सामाजिक परीक्षकले स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति तथा स्वास्थ्यकर्मीहरूसँग बसेर गत बर्ष तयार गरिएको कार्ययोजनाको प्रगति समीक्षा गरी अल्पकालीन र दीर्घकालीन गरी दुईचरणमा सम्बोधन गर्नुपर्ने सवालहरू पहिचान गर्नुपर्दछ ।

(ग) त्यसै गरी सामाजिक परीक्षकले कार्यविधीमा व्यवस्था भएको प्रक्रिया अनुसारनै स्वास्थ्य संस्थाको अवलो कन गर्ने, स्वास्थ्य संस्थाबाट सूचनाहरू सङ्कलन गर्ने, भेलाको तयारी र ५ जना सेवाग्राहीसँग उनीहरूले प्राप्त गरेको सेवाका बारेमा प्रतिक्रिया लिनुपर्ने छ । तेस्रो दिन आधारभूत सूचनाहरूको विश्लेषण गर्नुपर्ने छ । यी सबै कुराको विश्लेषण सहित चौथो दिन कार्यविधीमा व्यवस्था भएको प्रक्रिया अनुसार भेला सञ्चालन गर्नुपर्ने छ । उक्त भेलामा कार्ययोजनाको प्रगति समीक्षा, स्वास्थ्य संस्था अवलोकन, सेवाग्राहीका प्रतिक्रिया र आधारभूत सूचनाको विश्लेषणका आधारमा छोटो प्रस्तुती गर्नुपर्ने छ ।

(घ) भेलामा उपस्थित समुदायका सुझावहरू लिएर आगामी दिनमा सम्बोधन गर्नुपर्ने विषयको प्राथमिकीकरण गरी कार्ययोजना तयार गर्नुपर्ने छ । सामुदायिक स्वास्थ्य एकाईको सामाजिक परीक्षणका लागि २ दिनको समय तोकिएको छ ।

### संक्षिप्त सामाजिक परीक्षणका लागि निर्धारित गतिविधि र अवधि

| क्र.सं. | गतिविधिहरू | समय (दिन) | कै फियत |
|---|---|---|---|
| १. | **परीक्षणको तयारीः** व्यवस्थापन समिति र स्वास्थ्यकर्मीहरूबीच संयुक्त रूपमा कार्ययोजनाको समीक्षा, बस्तुस्थिति अवलोकन, सूचनाहरू सङ्कलन, सेवाग्राहीसँग अन्तर्वार्ता र भेलाको तयारी | २ दिन | |
| २. | सूचनाहरूको विश्लेषण र मस्यौदा कार्ययोजना तयारी | १ दिन | |
| ३. | भेला सहजीकरण, नतिजाहरू प्रस्तुत गरी अन्तिम रूप दिने र संक्षिप्त प्रतिवेदन तयारी | १ दिन | |

नोटः स्वास्थ्य संस्थामा आवतजावत गर्न लाग्ने समय भौगोलिक अवस्था र यातायात सुविधाका आधारमा हुने ।

## १९. सामाजिक परीक्षणको कार्य सम्पन्न गर्ने समय तालिका

| क्र.सं. | सामाजिक परी क्षणका लागि गर्नुपर्ने कार्य | कार्यसम्पन्न गरि सक्ने समयावधि |
|---|---|---|
| १. | सामाजिक परीक्षणको कार्ययोजना स्वीकृत गर्ने | अघिल्लो आर्थिक बर्षको आषाढ मसान्त |
| २. | सामाजिक परीक्षण सम्पन्न गर्ने | आर्थिक बर्षको कार्तिक मसान्तसम्म |
| ३. | सामाजिक परीक्षणको प्रतिवेदन उपर छलफल गरी मूल्यांकन गरि सक्ने | आर्थिक बर्षको मार्ग मसान्तसम्म |
| ४. | गाउँ कार्यपालिकामा सामाजिक परीक्षणको प्रतिवेदनमा उल्लिखित सुधारको योजना पेश गरी पारित गर्ने | आर्थिक बर्षको मार्ग मसान्तसम्म |
| ५. | आगामी आर्थिक बर्षको कार्यक्रम तथा बजेटमा समावेश गर्ने गरी प्राथमिकतामा समावेश गर्ने | आर्थिक बर्षको पौष मसान्तसम्म |

## २०.अनुगमन तथा मूल्यांकन

(क) सामाजिक परीक्षणको अनुगमन कार्ययोजना सुशासन समितिले तर्जुमा गरी कार्यक्रम तथा बजेटमा समावेश गरिने छ ।

(ख) गाउँपालिकाबाट तर्जुमा गरिएको सामाजिक परीक्षण योजना अनुरूप सामाजिक परीक्षण संस्थाबाट कार्यविधी अनुसार सामाजिक परीक्षण कार्य भए नभएको कुराको अनुगमन गर्नुपर्नेछ। यसबाट सामाजिक परीक्षण कार्यको गुणस्तर सुनिश्चित गर्नुका साथै सामाजिक परीक्षणका क्रममा कुनै समस्या भए सुधार गरी समयमै परीक्षण कार्य सम्पन्न गर्न योगदान पुग्ने छ ।

(ग) सुशासन समितिले गाउँपालिका र स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिले स्वास्थ्य संस्थास्तर मा हुने सामाजिक परीक्षणको अनुगमन गर्नेछ ।

(घ) सुशासन समितिबाट गरिने एकीकृत सुपरिवेक्षणको क्रममा सामाजिक परीक्षण कार्ययोजना कार्यान्वयन भए नभएको र पूरा गर्न आवश्यक पर्ने स्रोत र साधनको व्यवस्थाको अनुगमन गर्ने परिपाटी बसाल्नुपर्ने छ । यस सम्बन्धमा गाउँपालिकामा हुने बैठक तथा समीक्षाहरूमा समेत यसबारे भएको प्रगतिका सम्बन्धमा छलफल गर्नुपर्ने छ । सामाजिक परीक्षणबाट प्राप्त उपलब्धिलाई गाउँपालिकाको वार्षिक प्रतिवेदनमा समावे शगर्नुपर्ने छ

## २१ अनुगमन प्रक्रिया

सामाजिक परीक्षणको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसार को प्रक्रियागत अनुगमनको व्यवस्था गरिएको छ :

(क) सामाजिक परीक्षणको अनुगमन कार्यलाई व्यवस्थित र नतिजामूलक बनाउन अनुगमनको तर्कवद्ध कार्यढाँचा (Logical Framework) को उपयोग गरिने छ ।

(ख) अनुगमनलाई तथ्यमा आधारित बनाउन सामाजिक परीक्षण सम्बन्धी सूचनाको व्यबस्थापन गरिने छ ।

(ग) गाउँपालिकाको सुशासन समितिले नियमित अनुगमनका अतिरिक्त प्रत्येक बर्ष नमूनाको रूपमा स्वास्थ्य संस्था छनौट गरी सामाजिक परीक्षणको प्रभावकारिताको मूल्याङ्कन स्वतन्त्र निकाय/व्यक्तिबाट गराउन सक्ने छ । गाउँपालिकाबाट गरिने एकीकृत अनुगमनको समयमा सामाजिक परीक्षण कार्ययोजनाको कार्यान्वयन सम्बन्धी प्रगतिको समीक्षासमेत गर्नुपर्ने छ ।

(घ) सामाजिक परीक्षण सम्बन्धी प्रतिवेदन तयार गरी गाउँपालिका तहमा प्रस्तुत गर्ने मुख्यजिम्मेवारी सामाजिक परीक्षण संस्थाको हुने छ। सो प्रतिवेदन उपर र गाउँपालिकाको सुशासन समितिले अध्ययन गरी आफ्नो रायसहित गाउँ कार्यपालिका बैठकमा प्रस्तुत गर्नुपर्नेछ। प्रतिवेदनको ढाँचा अनुसूची-१४ मा प्रस्तुत गरिएको छ।

(ङ) स्वास्थ्य संस्था र गाउँपालिकाको स्वास्थ्य शाखाले चौमासिक प्रतिवेदन तयार गर्दा सामाजिक परीक्षण कार्ययोजना कार्यान्वयनको प्रगतिसमेत समावेश गर्नुपर्नेछ।

(च) सामाजिक परीक्षणका नतिजाहरूलाई गाउँपालिकामा गरिने चौमासिक समीक्षामा समेट्नु पर्ने छ। कार्यप्रगति तयार गर्दा कार्ययोजनाको कार्यान्वयन र आम नागरिकले अपक्षा गरे अनुसारको परिणाम प्राप्त भए नभएको कुरा समेट्नु पर्ने छ।

(छ) स्वास्थ्य संस्था प्रमुखले सामाजिक परीक्षणमा उठेका विषयहरूलाई सम्बोधन गर्न स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिको सहयोगमा वडा कार्यालय मार्फत गाउँपालिकामा प्रस्ताव पेस गर्नुपर्नेछ।

## २२. अनुगमनका सूचकहरू

सामाजिक परीक्षण कार्यको अनुगमन प्रक्रियामा गाउँपालिकाको सुशासन समिति र स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति संलग्न हुनेछन्। अनुगमनको कार्यलाई बस्तुगत बनाउन निम्नानुसारका सूचकहरूको प्रयोग गर्नुपर्नेछः

(क) प्रक्रियागत सूचकहरू

- गाउँपालिकाद्वारा सामाजिक परीक्षण कार्यक्रमको योजना तर्जुमा र बजेटको व्यवस्था, सामाजिक परीक्षकहरूका लागि अभिमुखीकरण र तालिम कार्यक्रम सञ्चालन,
- गाउँपालिकाद्वारा स्वास्थ्य संस्था तहमा सामाजिक परीक्षण कार्यान्वयनको अनुगमन,
- गाउँपालिकामा भएको सामाजिक परीक्षण प्रक्रियाको समष्टिगत नतिजा र स्वास्थ्य संस्थाको नतिजा समेत प्रस्तुतिका लागि आमभेलाको आयोजना,
- समग्र गाउँपालिकाको एकीकृत प्रतिवेदन तयारी, सामाजिक परीक्षणबाट प्राप्त सवालहरूको कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा, कार्यान्वयन र अनुगमन,
- सामाजिक परीक्षणको तयारी एवम् कार्यविधीको पालना,
- सामाजिक परीक्षकहरूद्वारा सूचना सङ्कलन,
- सामाजिक परीक्षण कार्ययोजना कार्यान्वयनको अवस्था,
- समुदायबाट गुणस्तरीय र विश्वसनीय सूचनाको सङ्कलन,
- सामाजिक परीक्षण प्रक्रियामा विशे षगरी दुर्गम, महिला एवम् वन्चितीमा परेका समुदायको सहभागिताका लागि सशक्तीकरण र सामाजिक परिचालन,
- महिला, गरिब, पिछडिएका एवम् बन्चितीमा परेका समुदायको आमभेलामा सहभागिताको स्थिति।

(ख) उपलब्धि र नतिजाका सूचकहरू

- आमनागरिकको स्वास्थ्य सेवाको पहुँच र उपयोगमा बृद्धि,
- स्वास्थ्य सेवा प्रवाहको गुणस्तरमा क्रमिक सुधार ,
- स्वास्थ्य सम्बन्धी कार्यक्रमको कार्यान्वयनको उपलब्धि हासिल भएको ,
- स्वास्थ्यकर्मीको व्यवहारमा सुधार ,
- आमनागरि कको स्वास्थ्य सेवाप्रति सकारात्मक धारणाको विकास।

## २३. प्रतिवेदन

(क) निर्धारित विधि/प्रक्रियाहरू पुऱ्याएर आमभेला गराई सामाजिक परीक्षण सम्पन्न भएपछि सो को प्रतिवेदन तयार गरी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र सुशासन समिति समक्ष पेस गर्नुपर्ने छ । सुशासन समितिले त्यस्तो प्रतिवेदन उपर अध्ययन र मूल्यांकन गरी आफ्नो रायसहित कार्यपालिकामा प्रस्तुत गर्नेछ र त्यस्तो प्रतिवेदनलाई गाउँसभामा छलफल तथा आगामी कामकारवाहीका लागि लगिने छ ।

(ख) स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रमको लक्ष्य, प्राप्त प्रतिफल, भए गरिएका राम्रा प्रयासहरू, कमजोरीहरू, सिकाइहरू, आमभेलाका सहभागीहरूको सुझावहरू, कार्ययोजना एवम् त्यसको अनुगमन व्यवस्था प्रतिवेदनमा समेटिनु पर्दछ ।

(ग) गाउँपालिकाले आफ्नो सबै स्वास्थ्य सेवासम्बन्धी समष्टीगत सामाजिक परीक्षण प्रतिवेदन तयार गरी सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नेछ ।

(घ) कार्यक्रम सञ्चालक, दातृ निकाय र सम्बन्धित सरोकारवालाहरूको लागि पनि यो प्रतिवेदन उपयोगी हुन्छ । सामाजिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची-१४ मा दिइएको छ ।

## २४ बाधा अड्चन फुकाउने र व्याख्या गर्ने:

यस कार्यविधी कार्यान्वयनको क्रममा कुनै वाधा, अवरोध र अस्पष्टता भएमा त्यस्तो वाधा अड्चन फुकाउने प्रयोजनका लागि सुशासन समितिको सिफारिशमा यस कार्यविधिमा आवश्यकतानुसार व्याख्या गर्न सक्नेछ।

## २५. संशोधन र परिमार्जन:

यो कार्यविधी कार्यान्वयन भएको पाँच बर्षमा पुनरावलोकन गरिनेछ । सामाजिक परीक्षणको कार्यान्वयनका क्रममा बीचैमा कार्यविधिमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएमा गाउँपालिकाले संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

तमानखोला गाउँपालिका

## अनुसूची १ः सामाजिक परीक्षणका चरणहरूमा सहभागी हुनुपर्ने संस्था एवम् व्यक्तिहरूको विवरण

| चरण | सहभागीहरू | | अगुवाईको जिम्मेवारी | | सहजीकरणको जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | पालिका तहमा | वडा तहमा | पालिका तहमा | वडा तहमा | पालिका तहमा | वडा तहमा |
| **क्षमता अभिबृद्धि** | सुशासन समिति, स्वास्थ्य शाखा, स्वास्थ्यकर्मी र अन्य सरोकारवालहरू | स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति, स्वास्थ्यकर्मी, सामाजिक परीक्षक | स्वास्थ्य शाखा | स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति | सामाजिक परीक्षक संस्था | सामाजिक परीक्षक |
| **तयारी** | स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति, स्वास्थ्यकमी, र स्वास्थ्य शाखा । | स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति, स्वास्थ्यकर्मी | सामाजिक परीक्षक संस्था | सामाजिक परीक्षक संस्था | सामाजिक परीक्षक संस्था | सामाजिक परीक्षक |
| **सूचना सङ्कलन** | सामाजिक परीक्षक, स्वास्थ्यकर्मी | सामाजिक परीक्षक, स्वास्थ्यकर्मी र समुदाय | सामाजिक परीक्षक संस्था | सामाजिक परीक्षक | सामाजिक परीक्षक संस्था | सामाजिक परीक्षक |
| **सूचना विश्लेषण** | स्वास्थ्य शाखाको | सामाजिक परीक्षक, स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति र स्वास्थ्यकर्मी | सामाजिक परीक्षक संस्था | सामाजिक परीक्षक | सामाजिक परीक्षक संस्था | सामाजिक परीक्षक |
| **आमभेला** | स्वास्थ्यकर्मी, समुदाय/ सरोकारवाला, स्वास्थ्य सेवाग्राही, आमा समूह प्रतिनिधि, राजनीतिकर्मी, सामाजिक अगुवा, आम सञ्चार कर्मी | सामाजिक परीक्षक, स्वास्थ्यकर्मी, समुदाय, स्वास्थ्य सेवाग्राही, आमा समूह, सञ्चारकर्मी, स्थानीय औषधि व्यवसायीहरू | सुशासन समिति | स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति | सामाजिक परीक्षक संस्था | सामाजिक परीक्षक |

**अनुसूची २: औषधि दाखिला र मौज्दातको विवरण फारम**

आर्थिक बर्ष : ......................... सूचना लिएको मिति :................

| क्र.सं. | औषधिको नाम | औषधिको बार्षिक दाखिला जम्मा परिमाण (ख्यामा) | ऋौषधिको दाखिला भएको महिना | कति पटक शुन्य मौज्दात भयो | जम्मा शुन्य मौज्दात भएको अवधि | शुन्य मौज्दात हुनुको कारण | शुन्य मौज्दातको समस्या समाधानको प्रयास भएको/नभएको |
|---|---|---|---|---|---|---|---|
| १ | आइरन चक्की | | | | | | |
| २ | कोट्रिम बच्चा | | | | | | |
| ३ | कोट्रिम वयस्क | | | | | | |
| ४ | एमोक्सिसिलिन | | | | | | |
| ५ | पारासिटामोल | | | | | | |
| ६ | परिवार नियोजनको साधन | | | | | | |
| ६.१ | कण्डम | | | | | | |
| ६.२ | पिल्स | | | | | | |
| ६.३ | डिपो | | | | | | |
| ६.४ | आइयुसिडी | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |

**अनुसूची ३: निःशुल्क प्रसुती सेवा र प्रसुती प्रोत्साहन रकम लिने आमाहरूको विवरण**

आर्थिक बर्ष : ..................... सूचना लिएको मिति :...............................

| विवरण | चौमासिक | | | कैफियत |
|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेस्रो | |
| निःशुल्क प्रसूति सेवा लिने आमाहरुको संख्या | | | | |
| माथिको संख्यामध्य चारपटक गर्भवती जाँच गराउने महिलाहरुको संख्या(गर्भवती भएको चार, छ, आठ र नौ महिनामा) | | | | |
| निःशुल्क प्रसूति सेवा लिन आमाको संख्यामध्य जातजाति, अपांगता र विपन्नता अनुसारको विवरण | | | | |
| दलित | | | | |
| विपन्न | | | | |
| मधेशी | | | | |
| मुस्लिम | | | | |
| अपांगता भएका | | | | |
| प्रकोप प्रभावित | | | | |
| ब्राह्मण तथा क्षेत्री | | | | |
| अन्य | | | | |

**नोटः** यो जानकारी स्वास्थ्य संस्थाका प्रमुख तथा सम्बन्धित नर्सिङ्ग कर्मचारीको सहयोगमा स्वास्थ्य संस्थामा हुने प्रसुती रजिस्टरबाट लिनुपर्दछ

## अनुसूची ४: निःशुल्क प्रसुती सेवा लिने आमाको नामावली

आर्थिक बर्ष : ……………………… सूचना लिएको मिति :……………..

| सि. नं. | आमाको नाम | ठेगाना | उमेर | सुत्केरी भएको मिति | प्रसूति प्रोत्साहन रकम प्राप्त गरेको मिति | चार पटक गर्भवती जाँच गराएको | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | हो | होइन |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची ५ (क): स्वास्थ्य संस्थाको आम्दानी र खर्चको विवरण

आर्थिक बर्ष : …………………… सूचना लिएको मिति :……………………

| सूचना लिनुभन्दा अघिल्लो आ.ब. को आम्दानी (रु.) | | | सूचना लिएको आ.ब. को आम्दानी (रु.) | | | आम्दानी घटी वा बढी (प्रतिशत) | |
|---|---|---|---|---|---|---|---|
| शीर्षक | सङ्ख्या | प्राप्त रकम | शीर्षक | सङ्ख्या | प्राप्त रकम | घटी | बढी |
| अघिल्लो बर्षको बचत रकम जम्मा (बैंक तथा नगद मौज्दात) | | | अघिल्लो बर्षको बचत रकम जम्मा (बैंक तथा नगद मौज्दात) | | | | |
| सामान्य प्रसूति | | | समान्य प्रसुति सेवा | | | | |
| जटिल प्रसूति | | | जटिल प्रसुति सेवा | | | | |
| शल्यक्रिया गरी प्रसूति गराइएको | | | शल्यक्रिया गरी प्रसूति गराइएको | | | | |
| रजिस्ट्रेसन बापत प्राप्त रकम | | | रजिस्ट्रेसन बापत प्राप्त रकम<br>र जिस् ट्रे सन बापत प्राप्त र कम | | | | |
| निःशुल्क स्वास्थ्य सेवा प्रदान गरेवापतको एकाइ मूल्य बराबरको रकम | | | निःशुल्क स्वास्थ्य सेवा प्रदान गरेवापतको एकाइ मूल्य बराबरको रकम | | | | |
| अन्य रकम | | | अन्य रकम | | | | |
| | | | बैंक मौज्दात | | | | |
| | | | नगद मौज्दात | | | | |
| जम्मा | | | जम्मा | | | | |

**अनुसूची ५ (ख) स्वास्थ्य संस्थाको आम्दानी र खर्चको विवरण**

आर्थिक बर्ष : ........................ सूचना लिएको मिति :.............

| सूचना लिनुभन्दा अधिल्लो आ.ब. को आम्दानी (रु.) | | | सूचना लिएको आ.ब. को आम्दानी (रु.) | | | आम्दानी घटी वा बढी (प्रतिशत) | |
|---|---|---|---|---|---|---|---|
| शीर्षक | सङ्ख्या | प्राप्त रकम | शीर्षक | सङ्ख्या | प्राप्त रकम | घटी | बढी |
| स्थानीय स्वास्थ्य संस्थाबाट नियुक्ति गरिएका कर्मचारीको तलब/भत्ता | | | स्थानीय स्वास्थ्य संस्थाबाट नियुक्ति गरिएका कर्मचारीको तलब/भत्ता | | | | |
| औषधि, मेडिकल सप्लाई | | | औषधि, मेडिकल सप्लाई | | | | |
| उपकरण | | | उपकरण | | | | |
| गुणस्तर सुधार | | | गुणस्तर सुधार | | | | |
| पूर्वाधार निर्माण | | | पूर्वाधार निर्माण | | | | |
| कर्मचारी प्रोत्साहन | | | कर्मचारी प्रोत्साहन | | | | |
| अन्य | | | अन्य | | | | |
| | | | बैंक मौज्दात | | | | |
| | | | नगद मौज्दात | | | | |
| जम्मा | | | जम्मा | | | | |

**अनुसूची ६: खोप, परिवार नियोजन र सुरक्षित मातृत्व कार्यक्रमबाट लाभान्वितहरूको विवरण**

आर्थिक बर्ष : ......................... सूचना लिएको मिति : ........................

| | लक्षित संख्या | उपलब्धि संख्या | अघिल्लो वर्षको प्रगति संख्या | गत वर्षसँगको फरक |
|---|---|---|---|---|
| राष्ट्रिय खोप कार्यतालिका बमोजिमको खोप | | | | |
| बीसीजी | | | | |
| डिपीटी हेप बी हिप बी | | | | |
| रोटा | | | | |
| पोलियो | | | | |
| पिसिभी | | | | |
| एफआईपिभी | | | | |
| दादुरा रुवेला | | | | |
| जापानिज इन्सेफलाईटिस | | | | |
| टाइफाइड | | | | |
| एच पी भि | | | | |
| अन्य | | | | |
| **पोषण** | | | | |
| कुपोषित बालबालिकाको संख्या | | | | |
| सीडीडी | | | | |

| | | | | |
|---|---|---|---|---|
| एआरआई | | | | |
| कडा निमोनियाको उपचार संख्या | | | | |
| गम्भीर जलवियोजनको उपचार संख्या | | | | |
| **सुरक्षित मातृत्व** | | | | |
| प्रोटोकल अनुसार ४ पटक गर्भजाँच गराउनेको संख्या | | | | |
| दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति गराउनेको सङ्ख्या | | | | |
| स्वास्थ्य संस्थामा प्रसूति गराउनेको सङ्ख्या | | | | |
| सुत्केरी भएको २४ घण्टा भित्र जाँच गराउनेको सङ्ख्या | | | | |
| **परिवार नियोजन** | | | | |
| साधनलाई स्वीकार गर्ने नयाँ व्यक्तिको सङ्ख्या | | | | |
| पील्स | | | | |
| डिपो | | | | |
| सायनाप्रेस | | | | |
| आइयूसीडी | | | | |
| इम्प्लान्ट | | | | |
| **विविध** | | | | |
| खोप केन्द्र | | | | |
| गाउँघर क्लिनिक | | | | |
| आमा समूह | | | | |

**अनुसूची ७: स्वास्थ्य संस्थाबाट विविध सेवा लिनेहरूको विवरण**

आर्थिक बर्ष ...................... सूचना लिएको मिति : ..................

गत बर्षको जम्मा बिरामी सङ्ख्या : चालू बर्षको जम्मा बिरामी सङ्ख्या :

| सेवाको किसिम | स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा लिने बिरामीहरुको संख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत बर्ष | | | चालु बर्ष | | | बिगत दुई बर्षको फरक | | | गत बर्ष र चालु बर्षमा बिरामी संख्या फरक हुनुको कारण |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**नोटः** चालू बर्षमा जति अवधिको बिरामी सङ्ख्या लिने हो गत बर्षमा पनि सोही अवधिको विवरण लिनुपर्दछ।

**अनुसूची ८: सेवा लिएर फर्केका सेवाग्राहीसँगको अन्तर्वार्ताका लागि प्रश्नावली**

महिला/पुरुषः............ उमेर :...... जात/जातिः वर्गः

उत्तर अनुसार उपयुक्त ठाउंमा चिन्ह लगाउनुहोस्। साथै उनीहरूको उत्तरलाई पुष्टिगर्ने कारण समेत लेख्नुहोस्।

१. तपाई यो स्वास्थ्य संस्थामा के सेवा लिन आउनुभएको हो ?

२. के तपाईले चाहेको सेवा पाउनुभयो ?

(क) पाएँ

(ख) पाइन

पाउनुभएन भने किन हो ला ? .......................................

३. स्वास्थ्य सेवाका लागि यही स्वास्थ्य संस्थाको छनोट किन गर्नु भएको हो ?

(क) नजिक भएर

(ख) सेवाको गुणस्तर राम्रो भएर

(ग) स्वास्थ्यकर्मीको व्यवहार राम्रो भएर

(घ) अरु कुनै विकल्प नभएर

(ङ) अन्य कुनै कारण.............................................................

४. स्वास्थ्य सेवा प्रदान गर्ने क्रममा स्वास्थ्यकर्मीहरूको व्यवहार कस्तो थियो ?

(क) मिजासिलो , सहयोगी (ख) ठिकै (ग) रुखो (घ) अभद्र

कारण.........................................................................

५. स्वास्थ्य संस्थामा शौचालयको व्यबस्था थियो कि थिएन ?

(क) थियो (ख) थिएन (ग) थाहा छैन

यदि थियो भने ,

(क) शौचालयः

(अ) सफा थियो (आ) फोहोर थियो

(ख) पानी (अ) थियो (आ) थिएन

६. के स्वास्थ्य संस्थामा खाने पानीको व्यबस्था थियो ?

(क) थियो (ख) थिएन (ग) थाहा भएन

७. पालो पर्खिनु पर्दा बस्ने सुविधा थियो ?
(क) थियो (ख) थिएन (ग) अन्य केही व्याख्या.......................

८. निःशुल्क औषधी पाइयो ?

(क) चाहिने जति पाइयो

(ख) केही मात्र पाइयो

(ग) सबै बाहिरबाट किन्नुपर्‍यो

(घ) अन्य व्याख्या केही छ कि? ..........................

९. निःशुल्क सेवा

(क) एक पैसा पनि तिर्नुपरेन

(ख) सेवा शुल्क मात्र तिर्नुपरेन तर प्रयोगशाला लगायत अन्य सेवाको शुल्क तिर्नु परेको

(ग) सबै प्रकारको सेवाका लागि शुल्क तिर्नु परेको

यदि तिरेको भए रकम रु...................................

टिप्पणी ................................................................

९. सेवा प्राप्त गर्न लागेको समय

(क) आउनासाथ सेवा पाएको

(ख) झण्डै २ घण्टा कुर्नु परेको

(ग) २ घण्टाभन्दा बढी कुर्नु परेको

किन होला..........................................

१०. स्वास्थ्य जाँचको क्रममा गो पनीयता थियो कि थिएन ?

(क) थियो (ख) थिएन

११. स्वास्थ्य संस्थाको भित्र र वरिपरि को सरसफाइको अवस्था कस्तो थियो ?

१२. स्वास्थ्य संस्थाको सेवामा अझ सुधार गर्न तपाईंको सुझाव छन् कि?

१३. केवल महिला बिरामीहरूका लागि मात्र
सुत्केरी प्रोत्साहन रकम पाए नपाएको ।
पूर्व प्रसूतिजाँच बापत पाउनु पर्ने भत्ता पाएको नपाएको ? कुनै न कुनै रूपले केही पैसा खर्च भयो कि भएन?
महिला भएकै कारणले सेवा लिन कुनै कठिनाई त परे न ? जस्तै गोपनियता, स्वास्थ्यकर्मी विपरीत लिङ्गको हुँदा स्वास्थ्य परीक्षणमा कठीनाइ, आदि ।
तपाईले आशा गरे अनुसारको से वा प्राप्त भयो त ? .............. कसरी .................
तपाईले प्राप्त गरेको सेवाबाट सन्तुष्ट हुनुहुन्छ ? ................ कसरी भने .............

**अनुसूची ९ः समुदायको धारणा सङ्कलनका लागि विषयहरू**

**स्वास्थ्य संस्थामा पँहुचः** (क) समुदायबाट स्वास्थ्य संस्थाको दूरी, यातायातको उपलब्धता, (ख) सबै जातजाति, लिङ्ग र उमेर समूहका बिरामीहरूलाई समानरूपले व्यवहार हुन्छ कि हुँदैंन ? केटाकेटी, बुढापाका, महिला र अपाङ्गता भएका व्यक्तिका लागि चाहिने सुबिधा छ कि छै न ? महिलालाई जाँच गर्ने गोप्य कोठा छ ? बुढाबुढीहरूलाई कुर्नुपर्दा बस्ने उचित व्यवस्था छ ? अपाङ्गता मैत्री सेवाहरू जस्तै र्‍याम्प र ह्विल चेयरको व्यवस्था छ ?

**स्वास्थ्यकर्मीको व्यवहार :** स्वास्थ्यकर्मीहरूले सबै जातजाति, महिला, बुढापाका, अपाङ्गता भएका व्यक्तिहरूलाई उचित व्यवहार गर्छन् कि गर्दैनन् ? बुढापाकाहरूलाई आदर , केटाकेटीहरूलाई माया, महिलाहरूलाई सम्मान, अपाङ्गहरूलाई उनीहरूको फरक क्षमताको कदर गर्ने गर्छन् कि गर्दैनन् ?

**स्वास्थ्यकर्मीहरूको जवाफदेहिता :** कुनै कारणले स्वास्थ्य संस्था बन्द हुने भए सो को जानकारी समुदायलाई दिने चलन छ ? आमनागरिक स्वास्थ्य संस्थामा उपचारका लागि पुग्दा स्वास्थ्यकर्मीहरू प्रायः भेट हुन्छन् ? सेवाग्राहीले आफूलाई लागेका गुनासाहरू व्यक्त गर्ने के अवसर छ ? त्यसरी व्यक्त गरिएका गुनासाहरू सम्बोधन हुन्छन् या हुँदैनन्

? गाउंघर क्लिनिकको व्यवस्था छ? नागरिक वडापत्रमा उल्लेख भएका सबै सेवाहरू तोकिएका प्रक्रियाअनुसार प्राप्त गर्नुभएको छ ?

**स्वास्थ्य संस्थाको पारदर्शिता :** स्वास्थ्य संस्थाका गतिविधिहरू जस्तै कति महिलाले निःशुल्क प्रसूति सेवा प्राप्त गरे , कतिले सुत्केरी भत्ता पाए, कतिले पूर्व प्रसूति जाँच प्रोत्साहन रकम पाए जस्ता कुरा थाहा पाउन चाहेमा समुदायले सजिलै थाहा पाउंछन् कि पाउँदैनन् ? थाहा पाउने माध्यम के छ ? स्थानीय रेडियो , पत्रपत्रिका, स्वास्थ्य संस्थाको सूचना पाटीमध्ये कुन माध्यम अपनाइने गरेको छ ?

**स्वास्थ्य सेवाको बारेमा चेतना र जानकारी** : निःशुल्क स्वास्थ्य सेवा, निःशुल्क औषधी वितरण, आमा कार्यक्रम ( निःशुल्क प्रसूति सेवा, प्रसूति प्रोत्साहन रकम), पूर्व प्रसूति जाँचवापत दिइने प्रोत्साहन र कमलगायत अन्य सूचना र जानकारीहरू समुदायलाई छ वा छैन ? अन्य जानकारीहरू ? यी जानकारीहरू कहांबाट प्राप्त भयो ? महिला स्वयम् सेविकाहरूले कत्तिको जानकारी दिन्छन् ?

**महिला स्वास्थ्य स्वयम् सेविका** : गाउँका महिला स्वास्थ्य स्वयम् सेविकाहरूले के कस्ता कुरामा समुदायलाई सहयोग गर्ने गरेका छन् ?

**स्वास्थ्य संस्था व्यवस्थापन समितिको बारेमा** : स्वास्थ्य संस्थाको सञ्चालन व्यवस्थापन समितिबाट हुन्छ भन्ने जानकारी छ कि छैन ? व्यवस्थापन समितिले आमनागरिक लगायत गरीब, महिला, पिछडिएका र बञ्चितिमा परेका समूहको हितमा गरेका निर्णयहरूका बारेमा केही थाहा छ ? व्यवस्थापन समितिले गाउँपालिका या अन्य सरकारी र गैर सरकारी निकायहरूसँगको समन्वयमा स्रोत परिचालन या अन्य कुनै काम गरेको थाहा छ ?

**स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको उपस्थिति :** स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी नियमित बस्छन् कि बस्दैनन् ? किन नबस्ने होलान् ? समुदायमा उचित सुविधा नभएर हो कि अन्य कुनै कारणले होला ? महिलाहरूलाई गर्भजाँच गर्न, सुत्केरी गराउन वा सुत्केरीपछिको जाँच गर्नलाई महिला स्वास्थ्यकर्मी छन् कि छैनन् ? उनीहरूको सेवा कस्तो छ ?

**स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको अवधि :** स्वास्थ्य संस्था दैनिक कति बजेदेखि कति बजेसम्म खुला रहन्छ ?

स्वास्थ्य सेवामा क्रमिक सुधारका लागि केही सुझाव छन कि ?

नोटः छलफलका क्रममा सम्बन्धित स्वास्थ्य संस्थाको कार्यक्षेत्रभित्र भएका मातृ तथा नवजात शिशु मृत्युको सङ्ख्या पत्ता लगाउन प्रयास गर्ने । यदि त्यस्ता मृत्यु भएका छन् भने उल्लेखगर्ने भए कतिजना हो उल्लेख गर्नुपर्ने ?

## अनुसूची-१०: समुदायमा सञ्चालन हुने विषयकेन्द्रित छलफलको प्रक्रिया

यस सामाजिक परीक्षणको क्रममा समुदायका समूहमा विषय केन्द्रित छलफल प्रस्ताव गरिएका छन् । सो छलफल सहजीकरण गर्दा सहजकर्ताहरूले निम्न प्रक्रिया अवलम्बन गर्नुपर्नेछः

**<u>सहभागिता :</u>** विषयकेन्द्रित छलफलको उद्देश्य हासिल गर्न सहभागीहरू र तिनीहरूको सहभगिता ज्यादै महत्वपूर्ण हुन्छ। त्यसैले सबैको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनु पर्दछ। सबैभन्दा पहिले तोकिएका सहभागीहरूको उपस्थिति सुनिश्चित गर्ने । त्यसको लागि सबै तोकिएका सहभागीहरूलाई छलफल हुने मितिभन्दा २ दिन अगाडि (धेरै छिटो गर्दा बिर्सन सक्ने र धेरै ढिलो गर्दा अन्यत्र कामको लागि समय निर्धारण भई सक्ने हुँदा स्थानीय परिस्थिति अनुसार गर्नुपर्दछ) खबर गर्ने । सहभागीहरूलाई व्यक्तिगतरूपमा भेटेर नै उहाँहरूको सहभागिता र बिचार अत्यन्त महत्वपूर्ण हुने हुँदा अनिवार्य रूपमा उपस्थित हुन अनुरोध गर्ने ।

**बसाई :** छलफललाई उपयोगी बनाउन सहभागीहरूको बसाईको व्यवस्था सबैलाई समान व्यवहार गरिएको अनुभूति गर्ने खालको हुनुपर्दछ । यसको लागि अर्ध गोलाकार या गोलाकार गरी बसाउनुपर्दछ ।

**बोल्ने क्रमः** छलफलको क्रममा सबै सहभागीहरूले समानरूपमा आफूलाई मनमा लागेको कुरा व्यक्त गर्ने मौका प्रदान गर्नुपर्दछ । कुनै सहभागी बोलिरहने र कोही केही नबोल्ने पनि हुन्छन् । सम्मानजनक तरिकाले धेरै बोल्नेलाई रोक्ने र नबोल्नेलाई बोल्न प्रोत्साहित गर्नुपर्दछ ।

**छलफलको प्रतिवेदनः** हरेक सहभागीहरूले व्यक्त गरेका सम्पूर्ण बिचारहरू हुबहु रूपमा टिप्नुपर्दछ । सहभागीहरूको बसाइको नक्साङ्कन गरेर कसले के बोल्यो र त्यसमा कसले के प्रतिक्रिया व्यक्त गऱ्यो भन्ने सम्म पनि टिपोट गर्दा छलफलबाट प्राप्त सूचनाहरूको विश्लेषण गर्न सजिलो हुन्छ ।

**छलफलको अन्त्यः** प्रत्येक सहभागीहरूबाट व्यक्त गरिएका बिचारहरूलाई समष्टिगतरूपमा प्रस्तुत गरेर यो छलफलको निचोड मेरो बिचार मा ........यस्तो लाग्यो र यसमा तपाईंहरू सहमत हुनुहुन्छ कि हुनुहुन्न भन्ने र यदि कोही यसमा सहमत नभए तत्काल सुधार गरेर छलफल अन्त्य गर्नुपर्दछ ।

**सहजकर्ताको भूमिकाः** सहजकर्ताले कुनै पनि कुराको प्रतिवाद नगर्ने । सहभागीहरूले उठाएका कुरामा कुनै पनि प्रकारको प्रतिक्रिया दिन र बिचारलाई सच्याउनु हुंदैन । सहजकर्ताहरू स्वास्थ्य सेवासम्बन्धी आधिकारिक व्यक्ति नहुने हुँदा सहभागीको कुनै जिज्ञासा वा प्रश्नको उत्तर दिनु हुंदैन ।

## अनुसूची-११ः आमभेलामा प्रस्तुतीकरणको ढाँचा

### १. पृष्ठभूमिः

(क) सामाजिक परीक्षणको उद्देश्य

(ख) सामाजिक परीक्षणमा अपनाइएको प्रक्रिया र अवधि

(ग) सामाजिक परीक्षणले समेटेका मुख्य क्षेत्रहरू

### २. स्वास्थ्य सेवामा पहुँच एवम् उपयोगः

(क) पूर्वप्रसूति जाँच सेवा एवम् सो सेवा लिने आमाहरूको सङ्ख्या तथा सो सेवाबाट बन्चित क्षेत्र एवम् समुदाय

(ख) संस्थागत प्रसूति सेवा एवम् सो सेवा लिने आमाहरूको सङ्ख्या र सो सेवाबाट बन्चित क्षेत्र तथा समुदाय

(ग) खोप सेवा एवम् कभरेज

(घ) गाउँघर क्लिनिक सञ्चालन अवस्था एवम् कमीकमजोरीहरू

(ङ) स्वास्थ्य संस्थाबाट चौमासिक एवम् बार्षिक रूपमा सेवा लिने कूल बिरामी सङ्ख्या, सेवामा नयाँ पहुँच भएका वार्ड/टोल/समुदाय

### ३. स्वास्थ्य सेवाको गुणस्तर ः

(क) स्वास्थ्यकर्मीको उपलब्धताः दरबन्दी परिपूर्ति, स्वास्थ्यकर्मीको नियमित उपस्थिति एवम् सेवाप्रवाह

(ख) स्वास्थ्यकर्मीको बिरामीप्रतिको व्यवहार

(ग) औजार एवम् उपकरणको निर्मलीकरण

(घ) सरसफाइः स्वास्थ्य संस्थाभित्र र बाहिरको सरसफाई, महिला एवम् पुरुषका लागि शौचालय, पिउने पानीको उपलब्धता, स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापन

(ङ) संवेदनशीलताः ज्येष्ठ नागरिक एवम् अपाङ्गतामैत्री पूर्वाधार एवम् सेवाहरू, लैङ्गिक संवेदनशील सेवा

(सेवा प्रदान गर्दा गोपनीयता कायम, महिला स्वास्थ्यकर्मीको उपलब्धता आदि)

(च) सेवाको गुणस्तर सुधारका लागि गरिएका प्रयास र नतिजाहरू

**४. औजार , उपकरण एवम् भौतिक पूर्वाधारको अवस्थाः**

(क) ज्येष्ठ नागरिक एवम् अपाङ्गतामैत्री पूर्वाधार , प्रतिक्षालयको व्यवस्था, ह्वीलचियरको व्यवस्था, भवनको भौतिक अवस्था, बिजुली वा वैकल्पिक उर्जाको व्यवस्था, शौचालयको व्यवस् था, आवश्यक फर्निचर को व्यवस् था, आदि ।

(ख) संस्थाका लागि आवश्यक औजार , उपकरणको उपलब्धता एवम् सो को उपयोग, आवश्यक औजार उपकरणहरू नभएको भए सो को विवरण

**५. स्वास्थ्य संस्थाको आम्दानी र खर्चको अवस्था**

**६. स्वास् थ्य संस्थाको पारदर्शिता एवम् जवाफदेहिताः**

(क) नागरिक वडापत्रको व्यवस्था एवम् सुधार गर्नुपर्ने कुराहरू

(ख) सेवाहरूबारे जानकारीः निःशुल्क प्रसूति से वा, प्रसूति प्रोत्साहन र कम र गर्भवती जाँच प्रोत्साहन रकम लिने आमाहरूको नामावली सूचना पाटीमा टाँस, निःशुल्क औषधी, निःशुल्क स्वास्थ्य सेवासम्बन्धी जानकारीको सार्वजनिकीकरण ।

(ग) निःशुल्क औषधीहरूको उपलब्धताः बर्षैभरि उपलब्ध औषधीहरू, आवश्यक भन्दा बढी मौज्दातमा रहेका औषधिहरू एवम् शून्य मौज्दातका औषधीहरू

(घ) नागरिकहरूका गुनासाहरू सुन्ने परिपाटी एवम् व्यवस्थापन

**७. स्वास्थ्य सेवाबारे जानकारीः**

(क) स्वास्थ्य संस्थाबाट निःशुल्क रूपमा उपलब्ध अत्यावश्यक सेवाहरू, सेवाको गुणस्तर , स्वास्थ्य संस्था व्यवस्थापन समितिको भूमिका, प्रेषण व्यवस्था, आदि ।

(ख) स्वास्थ्य संस्थाबाट उपलब्ध सेवाहरूबारे न्यून जानकारी भएका क्षेत्र/टोल/समुदाय

**८. स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिको भूमिका एवम् सुधारात्मक पक्षहरूः**

(क) नियमित बैठक एवम् सहभागिता

(ख) समितिमा समावेशिता

(ग) गाउँपालिका एवम् अन्य निकायहरूसँगको समन्वय एवम् स्रोत परिचालन

(घ) समतामूलक सेवा व्यवस्थापनः गरीब, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिका स्वास्थ्य समस्याप्रतिको संवेदनशीलता ।

(ङ) सेवाबाट बिमुख क्षेत्र तथा समुदायको सेवामा पहुँच बृद्धिका लागि प्रयास

**९. विद्यमान मुख्य सवालहरूः**

(क) स्वास्थ्य सेवामा पहुँच

(ख) स्वास्थ्य सेवाको गुणस्तर

(ग) स्वास्थ्य सेवाप्रतिको चेतना तथा जानकारी

(घ) स्रोत परिचालन